# प्रदेश सभा

## गण्डकी प्रदेश

## विशेष अधिवेशन

## (पहिलो बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति:- २०७८/०१/१३

प्रदेश सभा, गण्डकी प्रदेशको विशेष अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा प्रारम्भ भयो।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरु, प्रदेश सभाको विशेष अधिवेशनको पहिलो बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।अनि माननीय सदस्यहरु बस्नुस् । माननीय सदस्यहरु बस्न विशेष अनुरोध गर्छु। माननीय सदस्यहरु बस्नको लागि म विशेष अनुरोध गर्छु । माननीय सदस्यको के थियो समस्या? अब आफ्नो ठाउँबाट भनाई राख्न अनुरोध गर्दछु ।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सभाको यो विशेष अधिवेशनमा हामीले पहिले देखि नै गर्दै आएको अघिल्लो अघिल्लो अधिवेशनमा पनि हामीले माननीयहरुको स्वास्थ्य परिक्षण गरेर मात्र हामी भित्र प्रवेश गर्ने गर्थ्यौं, अहिले यो दोश्रो चरणको कोरोना भाइरसको दोश्रो चरणको महामारी देशब्यापी फैलिएको छ र पोखरामा पनि त्यो एकदम ब्यापक फैलिएको छ र ३०२१ भन्दा बढि ३/४ हजार भन्दा बढि मान्छे संक्रमित भएको दिनदिनको अवस्था देशमा छ । २८ जना भन्दा बढि मृत्यु छ । पोखरामा पनि छ्याप्छ्यापि त्यो फैलिएको अवस्था छ तर प्रदेश सभा सम्मानित प्रदेश सभा संचालनहुनि

एउटा कुरा हो तर संचालन हुनु भन्दा पहिला पिसिआर टेष्ट गरेर माननीयको स्वास्थ्य परिक्षण गरेर मात्रै प्रवेश गराउन पर्ने, कर्मचारीको स्वास्थ्य परिक्षण गरेर मात्र प्रवेश गराउनु पर्नेमा परिक्षण नगरिकन एकदम त्यसलाई गम्भीरतापूर्वक नलिइकन अहिले खाँदा खाँद गराएर प्रदेश सभामा बसाई पनि खाँदा खाँद गराएर जुन प्रदेश सभाको संचालन गरिएको छ यो महामारी अझ फैलिन सक्ने यसले अझ सहयोग पुग्न सक्ने हामलाई लाग्दछ । हाम्रो दललाई लाग्छ । त्यसकारणले  पिसिआर टेष्ट गरेर मात्र सदन अगाडि बढाइयोस् भन्ने म हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी  नेकपा एमाले संसदीय दलको तर्फबाट गम्भीर ध्यानाकर्ण गराउन चाहान्छु । यस्तो खालको लापारवाही नहोस्, भन्ने कुरा सभामुख मार्फत सदनलाई अनुरोध गर्न चाहान्छु, धन्यवाद ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

यस प्रदेश सभाको विशेष अधिवेशनको पहिलो बैठकमा उपस्थित सबै माननीय सदस्यहरुलाई हार्दिक स्वागत गर्दछु । सर्वप्रथम माननीय प्रदेश प्रमुखबाट यो अधिवेशन आह्वान सम्बन्धि पत्र प्राप्त हुन आएको छ । सोको ब्यहोरा म पढेर सुनाउछु ।

बिषयः गण्डकी प्रदेश सभाको अधिवेशन आह्वान सम्बन्धमा ।

मिति: २०७८।०१।०६ गते

श्री माननीय सभामुखज्यू,
प्रदेश सभा गण्डकी प्रदेश पोखरा ।

नेपालको संविधानको धारा १८३ को उपधारा ३ बमोजिम प्रदेश सभाका २८ जना माननीय सदस्यहरुबाट गण्डकी प्रदेश सभाको अधिवेशन बोलाउन लिखित अनुरोध भै आएकोले नेपाको संविधानको धारा १८३ को उपधारा ३ बमोजिम संवत २०७८ साल बैशाख १३ गते सोमबार दिनको २ बजे  देखि प्रारम्भ हुने गरी गण्डकी प्रदेश सभाको अधिवेशन आह्वान गरेको छु ।

अमिक शेरचन
प्रदेश प्रमुख ।

अब संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि जीवन औत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट मौन धारण गरौं । धन्यवाद । माननीय सदस्यहरु नेपाल लगायत विश्वभर फैलिएको कोभिड-१९ को महामारीको कारण हामी प्रभावित भएका छौं । यस महामारीबाट ज्यान गुमाउनु परेको देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यस महामारीबाट प्रभावित भएका सम्पूर्ण नेपालीहरुमा शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । माननीय सदस्यहरु मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय गण्डकी प्रदेशबाट जानाकारी सम्बन्धि पत्र प्राप्त हुन आएको छ । सो को ब्यहोरा म पढेर सुनाउँछु ।

श्री प्रदेश सभा सचिवज्यू,
प्रदेश सभा सचिवालय
गण्डकी प्रदेश, पोखरा ।

विषय: जानकारी सम्बन्धमा ।

नेपालको संविधानको धारा १६९ को उपधारा २ को खण्ड (क) बमोजिम माननीय मुख्यमन्त्री ज्यू समक्ष मौजुदा मन्त्रीपरिषद्का आन्तरिक मालिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमानज्यूले राजिनामा दिनु भएकोले उहाँले समाल्दै आउनु भएको आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यभार भौतिक पुर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेत ज्यूले समाल्ने गरी तोक्नु भएको ब्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

राम चन्द्र ढकाल
निमित्त सचिव

श्री प्रदेश सभा सचिवज्यू,
प्रदेश सभा सचिवालय
गण्डकी प्रदेश, पोखरा ।

मितिः २०७७।१२।२६

विषय : जानकारी सम्बन्धमा ।

नेपालको संविधान धारा १६९ को उपधारा २ को खण्ड (क) बमोजिम माननीय मुख्य मन्त्रीज्यू समक्ष मौजुदा मन्त्री परिषद्का भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री लेख बहादुर थापा मगरज्यूले राजिनामा दिनु भएकोले उहाँले समाल्दै आउनु भएको भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कार्यभार माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ्ज्यू स्वयमले समाल्ने गरी तोक्नु भएको ब्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

रामचन्द्र ढकाल
निमित्त प्रमुख सचिव ।

माननीय सदस्यहरु अब म प्रदेश सभा सचिवालयमा मिति २०७८ बैशाख २ गते माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ् माथि प्रदेश सभाको विश्वाश छैन भनी दर्ता हुन आएको अविस्वाशको प्रस्वावकका प्रस्तावक २८ जना माननीय सदस्यहरु मध्येबाट माननीय सदस्य श्री कृष्णचन्द्र नेपाली पोखरेललाई नेपालको संविधानको धारा १८८ को उपधारा ४ तथा प्रदेश सभा नियमावलीको नियम १७४ को उपनियम १ बमोजिम माननीय मुख्य मन्त्री श्री पृथ्वी सुब्बा गुरुङ माथि प्रदेश सभाको विश्वास छैन भन्ने सम्बन्धमा संक्षिप्त वक्तब्य सहित अविश्वासको प्रस्ताव प्रदेश सभा समक्ष पेश गर्न अनुमती दिन्छु ।

## माननीय कृष्ण चन्द्र नेपाली पोखरेल

सभामुख महोदय, आज हामी ३ दलका २८ जना माननीयज्यूहरु द्वारा वर्तमान सरकारका बिरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरेपछिको परिस्थिति र यो विशेष अधिवेशन बोलाउन पर्ने परिस्थिति लगायतका विषयमा भनाईहरु राख्नु पूर्व म नेपालको लोकतान्त्रिक आन्दोलनमा बामपन्थी आन्दोलनका अग्रणी र लोकतन्त्रप्रति समर्पित नेपालका पहिलो निर्वाचित कम्युनिष्ट प्रधानमन्त्री हुने ऐतिहासिक ब्यक्तित्व मनमोहन अधिकारी जीको आज पून्य तिथी भएको हुनाले म उहाँप्रति र यो संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नको लागि साहदत प्राप्त गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र घाइते, अपाङ्ग र बेपत्ता पारिएका सारा परिवारहरु प्रति पनि सम्मान ब्यक्त गर्दै मेरा भनाईहरु म अगाडि बढाउने अनुमति चाहान्छु ।

सभामुख महोदय, नेपालको इतिहासमा लगभग ७ दशक सम्म नेपाली जनताले लोकतन्त्रको लागि जो संघर्ष गर्यो त्यो नेपालको इतिहासमा मात्रै नभैकन यो विश्वकै इतिहासमा त्यो एउटा अनुकरणीय रहयो । हामी नेपालीहरु यो इतिहासप्रति हामी गौरब गर्न चाहन्छौ । हामीहरुले त्यो लोकतान्त्रिक आन्दोलनको उपलब्धिस्वरुप अर्को शब्दमा भन्नु पर्दा ०६२/६३ को संयुक्त जन आन्दोलन, १२ बुँदे समझदारी हुँदै विकसित परिस्थितिको परिणाम नेपालको संविधान २०७२ नेपालीको हातमा पर्यो ।

सभामुख महोदय, त्यो संविधान नेपालीका लागि मात्र नभैकन यो विश्वकै लागि पनि एउटा उदाहरण बनेको कुरा म स्पष्ट पार्न चाहन्छु । जहाँ मौलिक हकका कुराहरुले प्रत्येक नागरिकका सबै पक्षलाई समेटेर जुन मौलिक अधिकारको ब्यवस्था गरियो । त्यो आफैमा ठुलो उपलब्धि थियो । त्यति मात्रै होइन, समावेशी, समानुपातिकको जुन ब्यवस्था गर्यो, प्रतिनिधित्वको ब्यवस्था त्यो पनि आफैमा एउटा उदाहरण थियो । यी धेरै उपलब्धिको मैले यहाँ भनिरहन पर्दैन । त्यो मध्ये एउटा उपलब्धि भनेको के थियो भने बहुदलिय ब्यवस्था स्थापित भैसकेपछि २०४६ सालको आन्दोलन पछि बहिदलिय

ब्यवस्था स्थापितभैसकेपछि संसदीय अभ्यासको क्रममा केही कमिकमजोरीहरु भए । संसदीय ब्यवस्था नै एक प्रकारले बिसङ्गति, बिकृति पूर्ण ब्यवस्था हो कि भन्ने आशंका यहाँ जन्मियो र हाम्रा संविधान निर्माताहरुले यो कुरालाई मध्यनजर राखेर परम्परागत संसदीय ब्यवस्था भन्दा अलिकति अगाडि बढेर एउटा ब्यवस्था गर्यो । त्यो के हो भन्दा खेरी विगतमा या संसदीय ब्यवस्थामा प्रधानमन्त्रीलाई लाग्न साथ कुनै पनि बेला प्रधानमन्त्री जनताको बीचमा जान पाउने जुन ब्यवस्था थियो । त्यो ब्यवस्थाको परिणाम राम्रो भएन भनेर संविधान निर्माताहरुले अहिलेको बर्तमान संविधानमा प्रधानमन्त्रीलाई सरकार गठन गर्ने सन्दर्भमा धारा ७६ मा ब्यवस्थित भए बाहेक प्रधानमन्त्रीलाई संसद बिगटन गर्ने अधिकार कही दिएको थिएन। किन दिएन भन्दा त्यति मात्र होइन २ वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाइने, अविश्वासको प्रस्ताव राखिसकेपछि १ वर्षसम्म अर्को राख्न नपाइने ती ब्यवस्थाले के देखाउँछ भने विगतमा जो कमिकमजोरी भाको छ अब कुनै पनि निर्वाचित सरकार ५ वर्ष सम्म चल्नुपर्छ, चलाउनुपर्छ । यो संविधानको एउटा मान्यता हो ।

सभामुख महोदय, त्यो मान्यता विपरित मैले भन्नुपर्छ, त्यो संवैधानिक ब्यवस्थालाई बेवास्ता गरेर बर्तमान प्रधानमन्त्रीज्यूले, सम्माननीय प्रधानमन्त्रीज्यूले ५ गते पुसमा सदन विघटन गर्नु भो । संसद विघटन गर्दै गर्दा उहाँले प्रधानमन्त्रीलाई काम गर्न दिइएन भन्ने तर्क अगाडि सारेर संसद विघटन भयो ।

सभामुख महोदय, तर इतिहासले के बताउँछ भने त्यो सदनमा कहिल्यै पनि प्रधानमन्त्रीको बिरुद्ध केही अवरोध आएन । सारा नेपालीले बुझेको कुरो हो । सदनमा प्रमुख प्रतिपक्ष जहिले पनि सकारात्मक रहयो । प्रमुख प्रतिपक्षले जुन सकारात्मक भूमिका खेल्यो त्यसलाई लिएर प्रतिपक्ष माथि पनि एउटा प्रश्न चिन्ह पनि उठ्यो र पनि स्थायित्व लोकतन्त्रको स्थायित्वको लागि र संसदीय ब्यवस्था या अहिलेको लोकतान्त्रिक ब्यवस्थालाई स्थायित्व दिनको लागि सबै पार्टीहरुले सहयोग पुऱ्याए । तर संसद विघटन भयो । त्यही दिन देखि त्यो असंवैधानिक कदम, त्यो अलोकतान्त्रिक कदम र त्यो जनताको आकांक्षाको बिरुद्ध कदमलाई हामीले प्रतिगमनकारी कदम भनेर हामी भन्यौ। किन भने संविधानमा ब्यवस्थाबाट पछाडि जाने कुरो, संविधान भन्दा बाहिर जाने कुरो

त्यो आफैमा असंवैधानिक हो र संविधानको मुल्य र मान्यता विपरित जानु यो प्रतिगमन हो भनेर हाम्रो दल मात्र होइन, मलाई लाग्छ सत्तारुढ दलको एउटा गुट बाहेक सारा राष्ट्र प्रतिगमको बिरुद्धमा लाग्यो । सारा जनताहरु त्यसको बिरुद्धमा लागे ।

सभामुख महोदय, जनताहरु आन्दोलित भए र अदालतले एउटा भर्टिभ दियो। अदालतले भन्यो । यो असंवैधानिक थियो । यो अलोकतान्त्रिक थियो । संविधानले त्यसलाई करेक्सन गर्यो । सर्वोच्च अदालतले । अर्थात संसद पूनर्स्थापना भयो । पूनर्स्थापना भैसकेपछि सामान्य लोकतान्त्रिक मूल्य र मान्यताले नी के भन्छ भने जुन संसदलाई प्रधानमन्त्रीले जीले भङ्ग गर्नु भो । त्यसलाई त्यो आदेश संवैधानिक थियो भनेर सर्वोच्च अदालतले पुनर्स्थापित गरिसके पछि एउटा राजनीतिक नैतिकता, संसदीय मुल्य र मान्यताका आधारमा प्रधानमन्त्रीजीले राजिनामा दिनु पर्थ्यो तर त्यो भएन। प्रदेश सरकार तिर म आउन चाहान्छु । हामी बर्तमान सरकारका बिरुद्ध हामीले अविश्वास प्रस्ताव ल्याएका छौं । त्यो मध्ये एउटा के भन्दा खेरी पहिलो त्यो असंवैधनिक कदम जुन थियो, त्यो अलोकतान्त्रिक कदम जुन थियो। त्यसको बिरुद्ध सारा राष्ट्र हुँदै गर्दा हाम्रो सरकार, यहाँ गण्डकी प्रदेशको सरकार प्रमुखजीले यही रोष्टमा आएर त्यो प्रतिगमका पक्षमा प्रतिवाद गर्नुभाको थियो । जुन कुरो जनताको भर्टिभको बिरुद्ध थियो। यस अर्थमा असंवैधानिक कदमलाई समर्थन गर्नु आफैमा माननीय मुख्यमन्त्रीज्यूको आफैमा असंवैधानिक र प्रतिगमनलाई साथ दिएको अवस्था थियो । यति मात्रै होइन, हामीले संसद विघटन र त्यो प्रतिगमनको प्रतिरक्षा स्वरुप यसै सदनमा मुख्यमन्त्रीजीले २०१५ सालको विपि कोइरालाको सरकार दुई तिहाई हुँदा हुँदै विगटन भाको उदाहरण दिनु भाको थियो । गिरिजा प्रसाद कोइरालाले विगटन गरेको कुरालाई उल्लेख गरेर बर्तमान प्रधानमन्त्रीको सही हो भन्ने उहाँको यहाँ तर्क थियो । म स्मरण गराउन चाहान्छु । कुनै पनि २०१५ सालको संविधानमा राजा सर्वैसर्वा थियो । राजाले दिएको संविधानलाई लिएर जुन जनताले या प्रधानमन्त्री बढ्दै गर्दा या यो देशमा लोकतान्त्रिक शासन ब्यवस्थालाई सुरुवात गर्ने जुन सुरुवात त्यो जननिर्वाचित सरकारले गर्यो, चाहे त्यो भूमि सुधारको क्षेत्रमा होस्, चाहे विर्ता उन्मुलनको क्षेत्रमा होस्, चाहे बनको सुढृणिकरणको क्षेत्रमा होस्, राजा रजौटा उन्मुलनको क्षेत्रमा होस् त्यो प्रगतिशील कार्यक्रम देखेपछि

तत्कालिन राजाले बि पि कोइरालाई मात्र होइन संसदीय ब्यवस्थालाई नै विघटन गरे। त्यो घटना लाई लिएर यो दुई तिहाई लगभग भएको सरकारक प्रधानमन्त्रीले सदन विघटन गरेको कुरालाई पुष्टी गर्न खोज्नु जुन आफैमा त्यो पूर्वाग्रही छ भन्ने मलाई लाग्दछ । त्यस्तै गिरिजा प्रसाद कोइरालाको विघटनलाई लिएर बर्तमान सरकारले गरेको विघटनलाई पुष्टी गर्ने प्रयत्न भयो । सभामुख महोदय, नेपालको संविधान २०४७ निश्चित रुपमा त्यसले प्रधानमन्त्रीलाई त्यो अधिकार दिएको थियो । जुन अधिकार अहिले संविधानले दिएको छैन । त्यो अधिकार उहाँले कति खेर प्रयोग गर्नु भाको थियो भने जति खेरा आफ्नै पार्टीले सरकारको नीति तथा कार्यक्रम सदनमा प्रस्तुत गर्दै गर्दा खेरी उहाँहरु अनुपस्थित भैसकेपछि उहाँले विघटन गरेर मध्यावधीमा जानु भाथ्यो । अहिलेको सरकारलाई त्यो सब केही थिएन । त्यसो भएको हुनाले यी सबै कुराहरुले के देखाउँछ भन्दा खेरी अहिलेको असंवैधानिक कदम जुन केन्द्रीय सरकारले थालेको छ, यो सरकार त्यसको मतियारको रुपमा रहेको छ । त्यसमा म पनि नेपाली गण्डकी प्रदेशका जनताहरुको भावना प्रतिकुल छ ।त्यस्तै गण्डकी प्रदेश सरकार यो असंवैधानिक छ, संविधान भन्दा विरुद्धमा छ । संविधानको यसले अपहेलना गरेको छ भन्ने हाम्रो अर्को भनाई छ । के भन्दा खेरी संविधानको धारा १८८ मा स्पष्ट ब्यवस्था छ कि मुख्यमन्त्रीले या केन्द्रमा भए प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल यदि विभाजित भयो भने त्यो मितिबाट विभाजित भएको मितिबाट विश्वासको मत लिनुपर्छ भन्ने एउटा बाध्यात्मक ब्यवस्था छ। संवैधानिक ब्यवस्था छ । तर हाम्रो प्रदेशमा हाम्रो माननीय मुख्यमन्त्रीजीले त्यो ब्यवस्थाको उल्लङ्घन गर्नु भाको छ । उहाँले विश्वासको मत लिन सक्नु पर्यो । यति मात्रै होइन, यो असंवैधानिक कदम हो, किन भने उहाँले विश्वासको मत लिनु पर्छ, पर्थ्यो। त्यस्तै जब सरकार अल्पमतमा जान्छ, स्वभावैले त्यसमा राजिनामा दिएर मार्ग प्रशस्त गर्नुपर्छ । समर्थन गर्ने दलले समर्थन फिर्ता लिई सकेपछि पनि कुर्चीमा बसिराख्नु यो कुनै पनि दृष्टिकोणबाट त्यसलाई हामीले जायज भन्न मिल्दैन । यसर्थमा यो सरकार जुन मुल्य र मान्यताका बिपरित टाँसिरहयो, त्यसमा हाम्रो आपत्ति छ । हामीले यसो भन्दै गर्दा सरकारको नियत र माननीय मुख्यमन्त्रीको नियत त्यतिखेर अझ छर्लङ्ग भयो। जब यहाँ हिंउदे अधिवेशन आह्वान भाको थियो । हिंउदे अधिवेशन आफ्नो कोर्षमा गएको थियो र हिउँदे अधिवेशनलाई तोकिएको मितिमा ६ गते तोकिएको अवस्था थियो

र १ गते राती मध्यराती त्यो अधिवेशन अन्त्य गरियो । सभामुख महोदय, जसरी केन्द्रमा असंवैधानिक रुपमा जुन एउटा प्रतिगमनकारी कदम चालियो, त्यो पनि कतिखेर भन्दा सारा नेपालीहरु सुतेको अवस्थामा । राती १२ बजे जसरी राष्ट्रपती कहाँ पत्र गयो र सदन स्थगित भयो । त्यही पुनरावृतिको यो प्रदेशमा भयो किन? राती किन भन्दा खेरी माननीय मुख्यमन्त्रीजी या सरकार संसदलाई फेस गर्न सकेन, भाग्यो । सरकार भागी सकेपछि हामी जनप्रतिनिधिहरुको हतियार के हो भन्दा सरकारलाई समातेर ल्याउनु पर्ने भनेको के हो भने त्यो विशेष अधिवेशन हो र हामीले स्वभाविक रुपमा जुन अधिवेशनलाई फेस गर्नु पर्थ्यो तब मात्र लोकतन्त्र लोकतान्त्रिक प्रकृयाको पालना हुन्थ्यो। त्यो भाषण गरेर मात्रै हुँदैन र माननीय मुख्यमन्त्रीजीले यद्दपी लोकतन्त्रका धेरै कुराहरु माननीय मुख्यमन्त्रीजीले गर्नुहुन्छ । तर यो कमसेकम अविश्वास टेवल भएपछि त्यसलाई फेस गर्नुको बजाय उहाँले जसरी अन्त्य गर्दिनु भो । यो संवैधानिक कदम हो। रजनैतिक रुपमा र संसदीय ब्यवस्थाको मुल्य र मान्यता बिपरित यो कदम हो, छ। यसमा हाम्रो घोर आपत्ति अब हामी सँग के विकल्प त? कुनै प्रतिपक्षले कुनै प्रस्ताव ल्याउँदा खेरी सरकार भाग्छ भने हाम्रो एक मात्र उपाय भनेको के हो भन्दा खेरी यही विशेष अधिवेशन हो । जुन अधिवेशनको लागि हामीले आवेदन गर्यौं र आज हामी त्यही अधिवेशन अन्तरगत हामीहरु बहसमा छौं । सभामुख महोदय, यसरी यो राजनीतिक पृष्ठभूमिमा हामीले त्यति मात्रै होइन, प्रदेशसँग सम्बन्धित प्रदेशकै कुरो गर्दै गर्दा पनि यो जुन साझा संकल्प, साझा जिम्मेवारी र यो प्रदेशलाई हामी सबैले १ नम्बर प्रदेश बनाउने जुन एउटा परिकल्पना भाको थियो, त्यसमा पनि यो सरकार चुकेको छ । साढे ३ वर्ष हुँदै गर्दा कुनै पनि त्यस्तो उल्लेखनीय काम हुन सकेको अवस्था छैन र बजेट तिर जाने हो भने बजेट प्रत्येक आर्थिक वर्षका बजेटहरु खर्च गर्ने सक्षमता छैन । त्यति मात्रै हैन, अहिलेको अवस्था कोरोनाको विगतमा पनि हामीले हामी सरकारलाई सचेत गराउँदै आएका हौं ।बीचमा कोरोना अलिकति डाउन भैसकेको एउटा पाटो थियो। तर आज जुन रुपमा बढिराखेको छ, त्यो पनि के भन्छ भने सरकारले यो बीचमा जसरी बृहत तरिकाले पिसिआर टेष्ट गरेको भए सायद यो हुन सक्थेन, हुन्थेन होला र आज एकदम संकटपूर्ण परिस्थितिमा प्रदेश गएको अवस्थामा छ । यिनै परिस्थितिलाई हेरेर हामीले यो सरकार संवैधानिक र एउटा अल्पमतको र संसदलाई छल्ने जुन एउटा प्रवृति देखियो,

हामीले अविश्वासको प्रस्ताव दर्ता गराएका हौं । सभामुख महोदय, जुन प्रस्ताव हामीले भनेका छौं नेपाली जनताको अभूतपुर्व संलग्नता घाइते, अपाङ्ग, बेपत्ता पारिएका नागरिक, जीवन उत्सर्ग गर्ने सहिदहरुको साहदतबाट संघीय लोकतान्त्रिक गणतन्त्र को स्थापना पश्चात ऐतिहासिक प्रदेश सभाको गठन भयो । द्वन्द, असहमती र अस्थिर राजनीतिको अन्त्य गर्दै प्रदेशका जनताले ठुलो विश्वास र अपेक्षाका साथ माननीय पृथ्वी सुब्बा गुरुङको नेतृत्वमा करिब २ तिहाई समर्थन रहेको सरकार गठनको गद्दी, जन-अपेक्षा र विश्वासको कदर गर्दै संघीयता लोकतन्त्र गणतन्त्रलाई सवल बनाउदै संवैधानिक तरिकाले गण्डकी प्रदेशलाई सर्वश्रेष्ठ प्रदेश बनाउने साझा संकल्पलाई पुरा गर्न यो सरकार चुकेको छ । नीति तथा कार्यक्रममा, बजेटमा  योजना घोषणा गर्ने तर कार्यान्वयन तर्फ उदासिन हुने प्रवृतिले बजेट खर्च अत्यन्त न्यून रहेको छ । महङ्गि अस्वभाविक रुपमा बढेको छ। बेरोजगारीको बृद्धि चरममा छ । बेरुजुको मात्रा अत्याधिक बढेर गएको छ भने महालेखा परिक्षकले आफ्नो वार्षिक प्रतिवेदनमा आर्थिक अनियमितता भएको भन्दै असूल उपर गर्नुपर्ने समेत उल्लेख गरेकोले सरकारले आर्थिक शुसाशन पार्दर्शिताको दावीलाई चुनौति दिएको छ । कोरोनाको कहर उत्कर्षमा रहँदा प्रदेश सभाले निर्णय गरेर आईसियु, भेण्टिलेटर, स्वास्थ्य सामग्री खरिद गर्ने बजेट विनियोजन गर्दा पनि उक्त कार्य १ वर्ष सम्म पनि गर्न नसक्नु असक्षमता अकर्मण्यता नै हो । अहिले पनि कतिपय हस्पिटलहरुमा उपकरण छन्, तर त्यहाँ कर्मचारीहरुको ब्यवस्था हुन सकेको छैन। कोरोनाको उपचारको लागि एक अस्पतालबाट अर्को अस्पताल दौडाउँदै ट्याक्सीमा जीवन गुमाउनु परेको विवस्ता, बेड अक्सिजन, भेन्टिलेटर, आईसियु नपाएर अस्पतालका प्राङ्गणमा मृत्यु भैरहँदा जनताको जीवनको जीवन रक्षाको पहल र प्रयत्न गर्नुको साटो आफ्नो पार्टीको आन्तरिक समस्यामा अल्झने, प्रधानमन्त्री जीले चाल्नु भएको असंवैधानिक कदमको बचाउ र समर्थनमा ब्यस्त भयो यो सरकार । प्रदेश सभालाई विषयगत समेत समितिहरुलाई अत्यन्तै न्यून बजेट दिएर संसदीय कार्यलाई बाधित गरियो । प्रतिपक्ष मात्र  हैन सत्ताका सहयात्रीलाई पनि अनवरत रुपमा गरिएको अपमान उपेक्षाको निर्बम प्रहारले समन्वय र सहमतीको यात्रालाई कमजोर बनाउने तर्फ सरकार उत्दत रहयो । माओवादी मन्त्रीहरु जनताहरुसँग घोषणा पत्र मार्फत प्रतिवद्धता अनुसार कार्यान्वयन गर्न खोज्दा सरकार प्रमुखबाट निरन्तर अहसहयोग रहयो । प्रधानमन्त्रीले प्रतिनिधि सभा भङ्ग गर्ने संवैधानिक

निकाय सम्बन्धीलाई समाप्त गर्ने संवैधानिक निकाय सबैलाई समाप्त गर्ने गतिविधिलाई गण्डकी प्रदेश सरकारले सहयोग गर्यो, समर्थन गर्यो । रोष्टममा उभिएर संविधानको सपथ खाएका मन्त्रीले संविधान विरोधी कार्यको वकालत गर्नु भो । नेकपा विभाजित भएर नेकपा एमाले र नेकपा माओवादी केन्द्र बनिसकेपछि संविधानको धारा १८८ (२) अनुसार माननीय पृथ्वी सुब्बा गुरुङले विश्वासको मत लिनु पर्नेमा संविधानले तय गरेको १ महिनाको समय सिमा नाघ्दा समेत विश्वासको मत नलिएर संविधानको अवेज्ञा गर्नु भएको छ । यसकारण यो सरकार असंवैधानिक छ । उपर्युक्त परिस्थितिमा माननीय पृथ्वी सुब्बा गरुङको सरकार रहिरहदा चुनौति र समस्या अझै गम्भीर बन्दै जाने, जनताको अपेक्षा र विश्वास घट्दै जाने, अन्य प्रदेशको तुलनामा गण्डकी प्रदेशको विकास निर्माण र उन्नति कम हुँदै जाने हुँदा प्रदेशले ठुलो क्षति ब्यहोर्नु पर्ने हुन्छ ।अत नेपालको संविधानको धारा १८८ को उपधारा ४ तथा प्रदेश सभा नियमावलीको १४४ को उपनियम १ बमोजिम हामी तपशिलका गण्डकी प्रदेश सभा सदस्यहरुले माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ माथि प्रदेश सभाको विश्वास छैन भनी अविश्वासको प्रस्ताव पेस गरेका छौं । नेपालको संविधानको धारा १८८ को उपधारा ५ बमोजिम मुख्यमन्त्री पदका लागि माननीय कृष्णचन्द्र पोखरेल नेपाली पोखरेल लाई प्रतावित गरेका छौं ।

प्रस्तावकहरु माननीय कृष्ण चन्द्र नेपाली पोखरेल, माननीय ओमकला गौतम, माननीय कुमार खड्का, माननीय कोपिला बोहोरा, माननीय चिन्त घले, माननीय दोवाटे विश्वकर्मा, माननीय प्रकाश चन्द्र दवाडी, माननीय बिन्दुकुमार थापा, माननीय भागवत प्रकास मल्ल, माननीय मणिभद्र शर्मा, माननीय मनकुमारी गुरुङ, माननीय मेखलाल श्रेष्ठ, माननीय ललितकला गुरुङ, माननीय बिष्णु प्रसाद लामिछाने, माननीय सरिता गुरुङ, माननीय हरिबहादुर चुमान, माननीय आशा कोइराला माननीय गायत्री गुरुङ, माननीय चन्द्र बहादुर बुढा, माननीय दीपक कोइराला, माननीय दिपक थापा, माननीय दिलमाया रोका मगर, माननीय मधुमाया अधिकारी गुरुङ, माननीय रामजी प्रसाद बराल जीवन, माननीय लेख बहादुर थापा मगर, माननीय बिनोद के सी, माननीय धनमाया पोखरेल, माननीय हरिशरण आचार्य ।

सभामुख महोदय, हामी सदनमा रहेका ३ दलले हामीले हस्ताक्षर सहित हामीले यो अविश्वासको प्रस्ताव पेश गरेका छौं । भने राष्ट्रीय जनमोर्चाले हाम्रो यो प्रस्तावको पक्षमा मत दिने निर्णय भएको ब्यहोरा समेत अवगत गराउँदै म सम्पूर्ण माननीयज्यूहरु तिनै दलका र राष्ट्रिय जनमोर्चाका माननीयज्यूहरु र अन्य सम्पूर्ण माननीयज्यूहरुलाई यो प्रस्तावको पक्षमा मतदान गरिदिनुहुन हार्दिक अपिल गर्दै मेरा भनाईहरु यही बन्द गर्छु, धन्यवाद, जय नेपाल ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु अब उक्त अविश्वास प्रस्ताव माथि छलफल सुरु हुन्छ । माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र आफ्ना भनाई राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय श्री रोशन गाहा मगर थापालाई बोल्न समय दिन्छु।

## माननीय रोशन गाहा मगर थापा

माननीय सभामुखज्यू, आज हामी नेपालको संविधानले ब्यवस्था गरे बमोजिम तिनै तहको निर्वाचन सम्पन्न गरेर तिनै तहको सरकारको अभ्यासको रुपमा हामी यो गण्डकी प्रदेशको सभामा छौं र हामीलाई थाहा छ, विगतमा रहेका ब्यवस्थाहरुले हामीलाई, आम नेपाली जनतालाई र देशलाई आम नेपाली जनताको भावना अनुरुप त्यो ब्यवस्थाले त्यो गति विकासको गति लिन सकेन र आम नेपाली जनताले त्यो भावपूर्ण त्यो भावलाई नयाँ संविधानमा ब्यवस्था गरेर यो तिनै तहको सरकारको उपस्थितिमा आज हामी यो अभ्यास गरिरहेका छौं । यो अभ्यास गरिरहँदा गण्डकी प्रदेशको सरकार प्रति जो अविश्वासको प्रस्ताव आएको छ र मैले भर्खरै सुने सबैले हामीले सुन्यौं । कि विगतको ब्यवस्थाले अथवा २०४६ प्रजातन्त्र यो मुलुकमा आइसकेपछि ६२/६३ को साझा जन आन्दोलनले प्राप्त गरेका उपलब्धिहरुलाई हासिल गर्दै यो तिनै तहको सरकारले जनताप्रति गरेको कामहरुको विश्वासको सन्दर्भमा हामी अहिले यति छिटै सत्ताको निम्ति लालसी , सत्ताको निम्ति मह बनेर हामी यति छिटो कदम चाल्नु पर्ने परिस्थिति थिएन । अहिले जनताले

जुन खालको सरकारले गरेको विकासका कामहरुको निम्ति र सरकारले जो जनताको मन छुने काम विकासका कामहरु गरिरहेको छ, यो देख्न नसकेर जनताको विकासको उन्नतिलाई देख्न नसकेर फेरि हिजैको ब्यवस्थाको गतिलाई यो राजनीतिलाई अस्थिरता ल्याउनका निम्ति यो प्रस्तावलाई फेरि दर्ज गर्दैछ । हामीले भन्न सक्छौं, विगतमा भएका ब्यवस्थाहरुले जनताको निम्ति कस्ता कामहरु गर्यो र अहिले संविधानले ब्यवस्था गरे बमोजिम अहिलेको सरकारले गरेका विकासका कामहरु र जनताको मन छुने विकासका कामहरु कति गर्यो भन्ने कुरा हामी ईमान्दारीपूर्वक हामी जनताबाट अनुमोदित जनताको मनबाट हामी आएका जनप्रतिनिधि हौं । हामीले आज यो सदनमा अविश्वासको प्रस्ताव आइरहँदा धेरै कुराहरुको यहाँ जनतालाई भ्रम पार्ने खालका एउटा सदनमा चाहे त्यो स्थानीय तहको होस्, चाहे प्रदेश सरकारको होस्, चाहे संघीय सरकारको कुरा होस् यदि त्यो हाउसबाट, त्यो सदनबाट जनताको विषयमा कुरा उठानी हुन्छ र त्यति बेला सरकारले त्यो कुरालाई उठानी गर्छ । प्रतिपक्षले त्यो कुरालाई उठाउनु स्वभाविकै हो। तर त्यो आफ्नो आत्मलाई जनतालाई साँझी राखेर कति काम भए या भएन सत्ताको लालसीको निम्ति सत्ताको निम्ति मात्रै हामीले यो कुरा गरिरहयौं भने हामीले हिजोको त्यो राजनीति अस्थिरतालाई पनि हामले हिजोको हामले त्यो कुरालाई हामले घटनालाई सम्झनु पर्छ । त्यसो भएको हुनाले मलाई लाग्छ, अहिलेको परिस्थितिमा यो अविश्वासको प्रस्ताव यसले विकासको कुनै गति लिन सक्दैन । अहिले सरकारले गरिरहेको विकासको गतिलाई ब्रेक गर्ने र जनतामा भ्रम सिर्जना गर्ने र एउटा प्रतिगमनको नामबाट प्रतिगमनको अर्थ के हो? प्रतिगमनको अर्थबाट जनतालाई भ्रम सृजना गर्ने अनि सत्तामा जानको निम्ति लान्छीको रुपमा आउने जनतालाई भ्रमित सृजना गर्ने अझै धेरै खेलहरु रहेको छ । त्यसो भएको हुनाले जनताको कामका निम्ति, जनताको विकासका निम्ति हामी अग्रसर भएर हामी जनप्रतिनिधिहरु उभिनु पर्ने जरुरी छ । यसो भएको हुनाले मलाई लाग्छ, यो अविश्वासको प्रस्ताव यो जनताबाट आएको छैन । कुनै दलगतबाट सत्तामा पुग्नका निम्ति, सत्ताको लाल्चीको कारणबाट, सत्ताको महबाट यो अविश्वासको प्रस्ताव आएको छ र यो सत्ता अविश्वासको प्रस्ताव हमरो दल र मेरो तर्फबाट कुनै सहमत छैन भन्ने विश्वास राख्दै आफ्नो भनाई अन्त्य गर्न चाहान्छु, धन्यवाद।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

अब म माननीय डोवाटे विश्वकर्मालाई बोल्न समय दिन्छु । त्यसपछि माननीय श्री दीपक कोइराला ।

## माननीय डोवाटे विश्वकर्मा

माननीय सभामुखज्यू, आज हामी नयाँ परिस्थितिमा विशेष अधिवेशनमा उपस्थित भएर यहाँ छलफलमा जेटेका छम ।
माननीय सभामुखज्यू, आज हामीले नेपालमा लामो इतिहाससँग नेपाली जनताले आफ्नो अधिकारहरु, आफ्नो हक र मौलिक अधिकारलाई कुण्ठित गर्दै गएको अवस्थामा २००७ साल देखि २०६३ साल सम्मको आन्दोलनमा हामले थुप्रैले सबै राजनीतिक दलहरुले त्यो जनताको अधिकारको निम्ति लड्यौं र हजारौं ब्याक्तिहरुले सहादत प्राप्त गर्नु भएको छ र सहिदहरुप्रति हार्दिक सम्मान ब्यक्त गर्दै जसरी यो देशमा निरङ्कूश जहानिया राणा शासन, पञ्चायती ब्यवस्था, राजतन्त्र जनताका अधिकार कुन्ठित गरेको थियो । त्यसलाई परिवर्तन गर्दै हामीले जनताका अधिकार सुनिश्चित गर्नको निम्ति आन्दोलनबाट सफलता प्राप्त गरेर अगाडि बढिराखेको हामलाई सर्वविदितै छ ।

सभामुख महोदय, त्यसै कारणले सबै राजनीतिक दलको सहमतीमा हामले संविधान सभाको निर्वाचन गरिसकेपछि २०७२ सालको संविधान निर्माण गरेर अघी बधिराखेको अवस्थामा त्यो संविधानले नेपाली जनताका हक अधिकार मौलिक सबै वर्ग र समुदायको सम्मान ब्यक्त गर्दै संघीय संरचनामा देशलाई अगाडि बढाउने जुन संकल्प गरेको छ, त्यही संकल्पको आधारमा हामी नेपाली जनताहरुले संघीय संरचना र लोकतन्त्र र गणतन्त्र स्थापना गर्दै बढिरहेको अवस्थामा आज हामीले सम्पूर्ण नेपालीहरुले हामले खुशी लागेको थियो, खुशी ब्यक्त गरेका थिएम । अब नेपाली जनताले सुख पाउनी दिन आए, अब नेपाली जनताले अब आफ्ना अधिकारहु सम्पन्न गर्ने दिनहरु आए भन्ने हामले सोचेका थियौं । त्यही अवस्थालाई मध्यनजर गर्दै यही संविधानको ब्यवस्था अनुसार नै २०७४ सालको निर्वाचन भयो । त्यही निर्वाचनबाट बर्तमान सरकारको पार्टीलाई तत्कालिन नेपाल कम्युनिष्ट पार्टीलाई झण्डै दुई तिहाईको बहुमत प्राप्त गरेर दिएर नेपाली

जनताले ५ वर्षको लागि जसरी सत्ता संचालन गर्नको लागि अधिकार प्राप्त गरे र त्यसैलाई प्रतिपक्ष दलहरुले त्यो सरकारलाई सपोर्ट गर्ने, सहयोग गर्ने, देशको विकास निर्माण, जनताका आधारभूत आवश्यकतालाई परिपूर्ति भन्ने उद्देश्यबाट जसरी अगाडि बधिराखेको अवस्थामा त्यसलाई संविधान कानून ऐनलाई मिचेर जसरी २०७७ साल पुस ५ गते सम्माननीय प्रधानमन्त्रीज्यूले प्रतिनिधि सभा विघटन गरिसकेपछि देशमा एउटा नया तरङ्ग सृजना भयो । त्यसले गर्दा संविधान हिसाबले, कानूनीहिसाबले र असंवैधानिक र अलोकतान्त्रिक अप्रधान तरिकाबाट जसरी यो कदम चालियो, त्यसले गर्दा आम नेपाली जनतामा तरङ्ग र आन्दोलनको अवस्था सृजना भयो। त्यसैको फलस्वरुप आज देश भरी एउटा तरङ्ग फैलिरहेको अवस्था छ । त्यति मात्र होइन । सभामुख महोदय, आज जसरी एकिकरण भएको पार्टीलाई पनि सर्वोच्च अदालतले अलग अलग बनाइदिई सकेपछि झन अझै जटिलता सृजना हुदै गैरहेको अवस्था छ ।

सभामुख महोदय, त्यसकारणले गर्दा खरी पनि अब नयाँ परिस्थिति सृजना भैरहेको अवस्थामा यो गण्डकी प्रदेश पनि अछुतो रहेको अवस्था रहेन । र वास्तबमा गण्डकी प्रदेश सरकारको विषयमा म धेरै कुराहरु अघि नै प्रतिपक्ष दलको नेता माननीय कृष्ण चन्द्र नेपालीले धेरै कुरा भनिसक्नु भाको छ र म धेरै कुराहरु अहिले भन्न चाहान्न किन भने यो चहर्याएको घाउलाई नुन छर्किने काम त्यति राम्रो हुँदैन जस्तो लाग्छ । त्यसकारणले मैले यो बिषयमा धेरै कुराहरु अगाडि बढाउन चाहिन ।

सभामुख महोदय, तर अहिलेको बाध्यकुल परिस्थितिले जबसम्म एकिकरण पार्टीले पार्टी अलग भैसकेपछि र विश्वासको मत फिर्ता लिसकेको अवस्थामा गण्डकी प्रदेश सरकार अल्पमतमा परिसकेपछि निश्चय पनि यो गण्डकी प्रदेशका जनता अलमल र अफ्ट्यारोमा र निकास नपाउने अवस्था विकास नपाउने भैसकेपछि आज यो प्रतिपक्ष दलहरुले र जिम्मेवार पार्टीहरुले यो गण्डकी प्रदेशलाई निकास दिनु पर्ने भएको कारणले गर्दा सरकार भन्दा बाहिर रहेका सबै राजनीतिक दलहरुको सहमति र साझा संकल्प अनुरुपबाट अविश्वासको प्रस्तावको हामीले दर्ता गराएका हौं । यो अविश्वासको प्रस्तावलाई आज हामी लोकतन्त्र प्रजातन्त्रमा हामी विश्वास राख्ने, संविधान र कानूनमा हामी विश्वास राख्ने हामी सम्पूर्ण राजनीतिक दल भएका कारणले जसरी गण्डकी प्रदेश सभामा अविश्वासको

प्रस्ताव दर्ता भएको छ, यसलाई हामले सहज रुपबाट स्वीकार गरेर यसलाई सबैले एउटा अपनत्व ग्रहण गर्दै यसलाई हामले अगाडि बढाएर यसलाई सफल पार्न हामी सबैको कर्तब्य र दायित्व हो जस्तो मलाई लाग्दछ । जसरी आज हामी ब्यात्तिगत विषय भन्दा पनि एउटा राजनीति परिस्थितिले सृजना गरेको छ । यसलाई हामीले सहज पार्नु पर्छ भन्ने मलाई लाग्दछ । जसरी बिगतमा वर्तमान सरकारलाई प्रतिपक्ष दलहरुको तर्फबात हामीले सहयोग, समर्थन, सुझाव गर्दै आएर अहिलेसम्म यो अवस्थामा सृजना भाको थियो। त्यो आगामी दिनमा पनि त्यही ढङ्गले प्रदेश बासीको हितको निम्ति र विकास र निकासको लागि पनि सबै राजनीतिक दलहरु एउटा सहमति साझा सहमतिका आधारमा बद्रामीको परिस्थितिलाई स्वीकार गर्दै यो प्रदेश र विकासको निम्ति हामी सबै एकजुट भएर अगाडि बढ्न सक्यौं भने आज अहिलेको परिस्थितिलाई पनि हामीले एउटा स्वीकार्न पर्नी र यो प्रदेशलाई पनि हामी अगाडि बढाउनु पर्नि भएको कारणले हामी त्यो ढङ्गबाट जानको लागि पनि म आग्रह र अनुरोध गर्दै आफ्ना भनाई यही अन्त्य गर्छु। धन्यवाद, जय नेपाल ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय श्री दीपक कोइरालालाई बोल्न समय दिन्छु । त्यसपछि माननीय श्री सावित्रा राना ।

## माननीय दीपक कोइराला

माननीय सभामुख महोदय, महान जनयुद्धको क्रममा २०५९ साल आजकै दिन काठमाडौंबाट गिरफ्तार भै हालसम्म पनि बेपत्ता रहनु भएका क्रान्तिकारी योद्धा आदरणीय दाई पूर्ण पौडेल प्रति विशेष सम्मान ब्यक्त गर्दछु । नेपालको पहिलो कम्युनिष्ट आन्दोलन कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारी लगायत सम्पूर्ण सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु । संघीयता गणतन्त्र, समानुपातिक, समावेशीता लगायतका नयाँ उपलब्धि सहित संविधान हामीले निर्माण गर्यौं र तीन वर्ष अगाडि तिनै तहको निर्वाचन सम्पन्न गर्यौं र तिनै तहको निर्वाचन सम्पन्न गरेर हामीले जुन रुपमा कामहरुलाई अगाडि बढाउदै थियौं । देशमा नयाँ परिस्थिति पैदा भयो । म अलिकति सुरुमै के राख्छु भने

यो साथिहरुले माननीयज्यूहरुलाई मेरो आग्रह दृष्टिकोणको कुरा हो । हामीले खाली सत्ता, सरकार बनाउनको लागि, मन्त्री हुनको लागि यो सब गरिराछौ, यो सब भैराछ भन्ने जे प्रचार गरिएको छ । यहाँ माननीयज्यूहरुले भने जस्तै जे भ्रम जनतालाई दिन खोजिएको छ । कृपया त्यसलाई खाली आफ्नै वेट घटाउने काम माननीयज्यूहरु नगरौं, कृपया । किनकि हाम्रोमा स्पष्ट ब्यवस्था छ । हाम्रो संविधानमा के ब्यवस्था छ भने सरकार एउटै पार्टीले बहुमत ल्याउँदा उसैको सरकार बन्छ यदि भएन भने बहुमत पुर्याउनेहरुको सरकार बन्छ, त्यो पनि भएन भने एक्लै ठुलो दलको सरकार बन्छ । यी विभिन्न प्रावधानहरु त संविधानमा छ त फेरी तर हामी किन यो संविधान, प्रावधानकै बिरुद्ध यहाँ साथिहरुले अविश्वासको प्रस्ताव लायएकि भनेर जनताहरुलाई भ्रमा पार्ने काम गरिराछ । मैले त्यो कुर अबुझिराछु । यो स्वभाविक प्रकृया हो । यसलाई हामीले धेरै अस्वभाविक नठानौ । यसलाई हामीले अस्वभाविक मान्छौ भने हामी संसदीय यो हामीले जे भनिरहेका छौं, मल्टिपार्टी सिस्टम, बहुदलीय ब्यवस्थामा, संसदीय ब्यवस्थामा हामी छैनौ । हामी कुनै एक दलिय तानाशाही ब्यवस्थाको परिकल्पना गरिरहेका छौं कि? हाम्रो दृष्टिकोण त्यता गैरहेको छ भन्ने अर्थ लाग्न सक्दछ । त्यता तिर हामी नलागौं। यो स्वभाविक प्रकृया हो । किनकी ५१% जोसँग रहन्छ, उसले सरकार बनाउछ । स्वभाविक प्रकृया हो त । यो स्वभाविक प्रकृयाबाट भाग्नलाई यहाँहरुले चलिरहेको संसद ६ गते संसदको आह्वान भैसकेको संसद ६ गतेसम्म संसदमा आएर मज्जाले आफ्ना कुरा राख्न पाउने ब्यवस्था हुँदाहुँदै अठात रुपमा राती राती संसद नै बन्द गर्दिनु भयो । यो के मुल्य मान्यता लोकतान्त्रिक मुल्य मान्यताको गफ धेरै दिनु त्यति नसुहाउला क्या । त्यो ब्यबहारमा पनि अलिकति हेरौं न । के गरिराछौ त हामी । के भनिरहेका छौ र के गरिरहेकाछौं । ६ गतेको ठाउँमा १३ गते त टेवल त भयो त आज फेरी । ६ गतेको ठाउँमा १३ गते भयो । ६ दिन मात्रै झण्डा हल्लाउन अखोज्ने साथिहरु सत्ताको पदको लोभ नभएको हुने । हामी संविधानको रक्षा गर्नुपर्यो, या संविधानले ब्यवस्था गरेको अनुसार बहुमत सिद्ध गरेर नयाँ सरकार बनाउनु पर्यो भन्या झण्डाको लालचमा फस्यौं लालचमा लाएको भन्न त अल्लि सुहाएन कि माननीयज्यूहरु ।

माननीय सभामुख महोदय, त्यसकारण तर्क सहितको कुरा गरौं। दृष्टिकोण सहित कुरा गरौं । बरु यो कुरामा म सहमत छु । आजको अवस्थ किन आयो? गम्भीर भएर सोचौं। हामी सबैले सोचौ । सत्तामा आज बसिरहेकाले सोचौ, सत्ता भर्खरै छोडिरहेकाले सोचौं। नयाँ फेरी सत्ता सरकार बनाउनेहरुले पनि सोचौं । हामी सबै ६० जना सांसदहरुले मात्र होइन, देश भरीका सारा जनप्रतिनिधिहरुले सोचौं। कि हामीले भनेको ५ वर्ष सरकार दिने कुरा किन गर्न सकेनौ । ५ वर्ष स्थायित्व दिने कुरा हामीकिन गर्नसकेनौगम्भीर प्रश्न छ । छलफल गरौं, बहस गरौं । त्यो बहसबाट हामी भाग्नेवाला छैनौ । त्यो बहसबाट भाग्नु पनि हुँदैन । तर यो होइन कि स्थिरताको नाममा संघीयता खारेज हुने गरी, स्थिरताको नाममा आज संविधान खारेज हुने गरी, स्थिरताको नाममा आज सबै लोकतान्त्रिक मुल्य मान्यतालाई अपहरण गर्ने गरी कदापी त्यो कुरा स्वीकार गर्न सकिदैन । सरकार बन्छ, सरकार नयाँ बन्छ । किन बन्दैन सरकार । सरकार ढल्छ, सरकार जान्छ, आउँछ यो स्वभाविक प्रकृया हो । होला सरकारमा बसिरहेका साथिहरुलाई सरकारमा बसिरहुँ जस्तो लाग्नु स्वभाविक कुरा हो। सरकारमा नभएका साथिहरुलाई छिटो सरकारमा, स्वभाविक कुरा हो त । त्यसमा हामीले अस्वभाविक मानेर संसद नै बन्द गर्दिएर रातारात हिड्नुपर्ने के नै कारण छ र माननीय ज्यूहरु ।

माननीय सभामुख महोदय, यस कारण यो परिस्थिति किन पैदा भयो भन्ने बारेमा बहस गरौं । फेरी पनि गरौं । यो सरकार रहेन नयाँ सरकार बन्ला, बन्छ, त्यो हुँदा पनि यो बारेमा बहस गरौं । किन हामी ५ वर्ष सरकार टिकाउन सक्दैनौ। ५ वर्ष सरकार टिकाउने हामीसँग प्रावधान ५ वर्ष भन्दा अगाडि नै सरकार फेर्ने प्रावधान छ त हाम्रो संविधानमा । संविधानमा हामीले लेख्नु पर्थ्यो नि त ५ वर्ष सरकार बनाउन पाइदैन भनेर। संविधान सभाका माननीय ज्यूहरु यहाँ हुनुहुन्छ। संविधान लेख्ने तपाईंहरु नै हो। संविधान लेख्ने साथिहरु यहाँ हुनुहुन्छ माननीयज्यूहरु, किन लेख्नु भएन त ५ वर्ष नयाँ सरकार ५ वर्ष परिवर्तन गर्न पाइदैन भनेर लेख्दिएका भए त एउटा लाइन हुन्थ्यो नि त । ढल्थेन नि त । बन्द या सरकार आउथेन नि त । लेख्ने तपाईंहरु नै हो । संविधान लेख्नु भयो । संविधान त जान्छ समय अनुकुलमा । समय भनिएको छ त्यहाँ।

२ वर्ष १ वर्ष सबै त्यहाँ  भनिएको छ । त्यो सबै प्रकृया ।पुरा गरेर नयाँ सरकार बन्छ भने यसबाट आत्तिनु पर्ने, भाग्नु पर्ने, चलिरहेको संसद स्थगित गर्नु पर्ने विघटन गर्ने त अब हाम्रो त्यति धेरै भएन । त्यस त्यहाँ सम्म नपुग्नु भएकोमा म धन्यवाद नै दिन्छु। त्यो प्रकृया सम्म यहाँहरु जानु भएन । त्यो प्रकृया हुन त पछिल्लो सर्वोच्चो अदालतको नजिरले पनि होला । त्यहाँसम्म पुग्दा फेरी पछाडि फर्किनु पर्छ भन्ने कुरा पनि होला तर इमान्दारीता पनि होला । फेरी मेरो त्यहाँ आशंका होइन है। इमान्दारीता पनि होला । त्यसो गर्नु हुँदैन । भने इमान्दारीता पनि होला  । त्यो अर्कै कुरा हो । तर हामीले आजको परिस्थितिको सामना गरिरहेका छौं । यो राजनीतिक परिस्थिति हो।

माननीय सभामुख महोदय, यो दृष्टिकोणको कुरा हो । हामीले संविधानमा नभएको कुरा, संविधानमा उल्लेख नभएको कुरा, संविधानमा नलेखिएको कुरा गर्ने अधिकार कुनै कार्यकारी प्रमुखलाई छैन । त्यो हुनको लागि एकदलीय ब्यवस्था हुनुपर्छ । कुनै तानाशाहको नेतृत्वमा देश चलेको हुनुपर्दछ । हाम्रो देश कुनै तानाशाह र एकदलीय शासन भएको देश होइन । यो बहुदलीय ब्यवस्था भएको देश हो । मल्टिपार्टी सिस्टमको बारेमा हामी यहाँ हरेकले वकालत गर्छौं । लोकतन्त्रको ब्याख्या गर्छौं । पद्दतिका कुरा गर्छौं । कानूनी राजको कुरा गर्छौं तर गैरकानूनी काम गर्छौं भने कदापी त्यो कुरालाई स्विकार गर्न सकिदैन । एउटा लोकतान्त्रिक मुल्य मान्यताका निमित्त जीवन पर्यन्त लडिरहेका योद्धाहरुले त्यो कुरालाई स्वीकार गर्न सक्दैनन् । यसकारण लोकतन्त्र जोगाउन, संविधान जोगाउन, परिवर्तन जोगाउन आज जे ढङ्गले नयाँ कुराहरु भैरहेका छन् । त्यो कुराहरुलाई स्वभाविक रुपमा बुझ्न म अनुरोध गर्न चाहान्छु । आजको परिस्थिति किन आयो? दृष्टिकोणको कुरा मैले अघिनै भने प्रतिनिधि सभाको विघटन भयो, प्रतिनिधि सभाको विघटनको बारेमा म धेरै बोल्दिन ।किनकि प्रतिनिधि सभा विघटन गर्नु हुँदैनथ्यो भनेर त्यही संसदमा बसेर माननीयज्यूहरु बोलिरहनु भएको छ । सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानमन्त्री नै भैरहनु भएको छ । त्यो सदन फिर्ता आइसक्यो । फेरी त्यतातिर म जान चाहान्न । संविधानले जे अधिकार हामीलाई दिएको छ । संविधानले जे गर्न हामीलाई भनेको छ, त्यो गर्ने हो हामीले । संविधानले दिएको कुरा कुनै कार्यकारी प्रमुख २ तिहाई होइन । ९०% नै ल्याएर

कार्यकारी प्रमुख भएको रछ भने पनि २ तिहाई बहुमत ल्याएर संसदमा २ तिहाई बहुमत सिद्ध गरेर मात्रै संविधानका धारा उपधारा फेर्न पाइन्छ । २ तिहाई बहुमत ल्याउनुस्, २ तिहाई बहुमत सहितको नेतृत्व गर्नुस । सम्मननीय प्रधानमन्त्रीज्यू, संविधान नै फेरे पनि फेर्नुस्, त्यस पछि सडकबाट हुने कुरा अर्कै हुन तर संसदबाट त्यो कुरा हुदैन । अदालतबाट त्यो कुरा हुँदैन । २ तिहाई बहुमत फेर्नुस् न । हरेक बुँदा फेर्ने अधिकार त संविधानले दिएकै छ नि तर हामीले लडेर ल्याएको संविधान हामीले आन्दोलनमा त्याग, तपस्या र बलिदान गरेर ल्याएको संविधान, शरिरमा गोली बोकेर ;ल्याएको संविधान च्याप्ने अधिकार कुनै पनि देशका कार्यकारी प्रमुखलाई छैन । त्यसकारण हामी त्यसको लागि खवरदारी गरिरहेका छौं । दृष्टिकोण मिलेन, आज भनिएको छ । पार्टी माओवादी पनि सरकारमा थियो । माओवादी पार्टीको तर्फबाट म नेतृत्व, प्रतिनिधित्व गर्दछु । माओवादी सरकारबाट गयो । धेरै वटा मन्त्रालय लिन होला भन्या झै आशय ब्यक्त गर्नुहुन्छ साथिहरुले । यही सरकारमा बस्या भए धेरै वटा मन्त्रालय आउथ्यो । हामीलाई थाहा छैन र? कोसले के प्रस्ताव गरिरहेको भन्ने कुरा हामीले बुझ्या छैन र? के हुन्छ भन्ने कुरा हामीलाई थाहा छैन र? अनि २ ओटा दल मिलेर बनेको सरकार छोडेर अनि धेरै ओटा मन्त्रालय पाइन्छ । हामी पनि मन्त्री हुन पाइन्छ । झण्डा हल्लाउन पाईन्छ भनेर ४ ओटा दलसँग मिलेर नयाँ सरकारको तयारी गरेको होइन । माननीय ज्यूहरु यो कुरा राम्रोसँग स्मरण रहोस् । २ ओटा पार्टी मिलेर बनाएको सरकारमा नै धेरै ओटा मन्त्रालय हुन्थ्यो होला । त्यो सरकारको नेतृत्व पनि आउथ्यो होला । धेरै कुरा छ त्यहाँ नीर ।खैर यता तिर धेरै नजाउँ म । धेरै कुरा संसदमा बसेर धेरै एक्सपोज पनि नगरौं किनकि यो सार्वजनिक स्थल पनि हो । त्यसकारण हामी त्यसका निमित्त होइन । दृष्टिकोण मिलेन । संविधान बचाउने कुरामा मिलेन । प्रदेश सरकारमा, प्रदेश सरकार किन गयो त? प्रदेश सरकार जुन पार्टीले नेतृत्व गरिरहेको छ । जुन पार्टीले यो असंवैधानिक कदमको वकालत गरिरहेको छ । त्यो पार्टीको एउटा नेता मुख्यमन्त्रीको रुपमा त्यो कदमलाई यो सदनमा उभिएर सेलुट गरिरहनु भएको छ । यो संवैधानिक हो भनेर, यसका बिरुद्ध बोल्नेहरु असंवैधानिक कदम भयो भन्नेहरुका बिरुद्ध यहाँबाट वकालत गरिरहनु भएको छ। मैले कदापी उहाँ पुरै यो दुधले नुहाएको जस्तो यो प्रदेश एकदमै छुट्टै कि उहाँले हिम्मत गर्नु पर्यो । कि प्रधानमन्त्रीले

गलत गर्नु भयो, मेरो पार्टीले गलत गर्यो, यो गलत कुरा हो भनेर वकालत गर्न सक्नु पर्यो नि त । त्यस्तो भयो र ?भएन नि त । यसकारण त्यसको पक्षधर अहिले पछिल्लो घट्नाक्रमा दृष्टिकोण मिल्नेहरुको बीचको एकता हो। यो सरकार परिवर्तन गरेर नयाँ बनाउने खेल झण्डा हल्लाएको गाडी चलाउने खेल होइन । त्यो कुरा हामीले बुझौं । जनतालाई भ्रम नदिउँ । कि यहाँ चलिरहेको सरकार विघटन गरेर साथिहरुलाई झण्डा हल्लाउन आत्तुरी भयो नभनौं । मैले अघिनै पनि भने राम्रो पर्दैन फेरी एक चोटी दोहोऱ्याउछु, ७ दिन भने पनि पर सारेर संसद नै स्थगित गरेर ७ दिन झण्डा हल्लाउन खोजेको हामीले होइन । साथिहरुले हो । प्रष्ट नै बुझिएको छ नि त्यो कुरा त । यसकारण हामी यो कुरा पनि नगरौं । यो कुरा पनि छोडौं । यो हाम्रो संवैधानिक ब्यवस्था जे भएको छ पछिल्लो घटना क्रममा हाम्रा दृष्टिकोण मिल्नेहरुको बीचको एकता हो र यो संवैधानिक ब्यवस्था अनुसार नयाँ परिस्थितिमा हामी आएका हौं । अविश्वासको प्रस्ताव पेश गरेका हौं । त्यसकारण अविश्वासको प्रस्ताव पास हुने कुरामा पनि काँही कतै केही भ्रम छ भने म बिनम्रतापूर्वक अग्रह गर्दछु । अविश्वासको प्रस्ताव पास नहुने अवस्थामा अविश्वासको प्रस्ताव पेश नै हुदैनथ्यो भन्ने कुरा पनि म यहाँ राख्न चाहान्छु । अविश्वासको पक्षमा मजबुद एकता र यसको पक्षमा हामी यो अविश्वासको प्रस्ताव को पक्षमा रहेको कुरा जानकारी गराउँदै मेरो भनाई अन्त्य गर्दछु, धन्यवाद नमस्कार ।

## माननीय सभामुख नेत्रानाथ अधिकारी

माननीय श्री साबित्रा रानालाई बोल्न समय दिन्छु । त्यसपछि सरिता गुरुङ

## माननीय साबित्रा राना

माननीय सभामुख महोदय, सर्वप्रथम यस विशेष अधिवेशनमा ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहान्छु । कोरोना भाइरसबाट आफ्नो जीवन समापन भएका ती सम्पूर्ण महानुभावहरुप्रति श्रद्धसुमन अर्पण गर्दै कोरोना भाइरसबाट पिडित भएर उपचारको सन्दर्भमा रहनुभएका सम्पूर्ण प्रति स्वास्थ्य लाभको कामना गर्न चाहान्छु । आज यहाँ विशेष अधिवेशनमा उभिएर आफ्ना केही भनाईहरु राख्ने सन्दर्भमा अविश्वासको प्रस्तावमा प्रस्तावको छलफलको सन्दर्भमा यहाँ उभिइरहँदा मलाई लागिरहेको छ, यति

बेला यो सदन यो अविश्वासको प्रस्तावमा होइन, यो कोरोना भाइरसले प्रताडित बनिरहेको यो मुलुकका जनताहरुको जीवन कसरी जोगाउने सन्दर्भमा यो छलफल केन्द्रीत हुनुपर्थ्यो। बिडम्वना भनौं हामीलाई यो प्रदेशका जनताले जुन अपेक्षा गरेर जुन राजनीतिक स्थिरताका खाँतिर जनमत दिएर पठाउनु भो र हामीले त्यो जनमतको कदर गर्न सकेनौं। आज हामी पुन सदनमा फेरी यो अविश्वासको प्रस्तावमा छलफलमा उभिन कुन यो बिडम्वना भयो । यो प्रदेश सरकार यो प्रदेश सभा संवैधानिक ब्यवस्था अनुसार अगाडि बढिरहँदा यो प्रदेश सभाले प्रदेश सरकारले के त्यस्तो काम गर्यो, यो प्रदेश सरकारप्रति अविश्वासको प्रस्ताव ल्याउने? यहाँ पूर्ववक्ता मित्रहरुले माननीय ज्यूहरुले धेरै विषयवस्तुहरु ओकेल्नु भो । तितो पनि ओकेल्नु भो म त्यतातिर नगैकिन साच्चिकै यो प्रदेश सरकारले संवैधानिक ब्यवस्था अनुरुप आफुलाई अगाडि बढाउने सन्दर्भमा जनताको हित अनुकुल आफुले निर्वाचनमा गरेका ती प्रतिवद्धता अनुकुल यो सरकारले आफुलाई अगाडि बढाईरहेको स्थिति थियो । त्यही परिस्थितिमा यो प्रदेशका विकास निर्माणका कामहरुलाई अगाडि बढाउने सन्दर्भमा यो सरकारले गति लिइरहेको परिस्थिति हो । त्यति मात्र होइन, यो प्रदेश सरकारका जनताहरुलाई सुखी र समृद्ध बनाउने अभियानमा यो प्रदेश सरकार थियो । यही अभियानमा लागिरहँदा धेरै कामहरु यो प्रदेश सरकारले गरेको कुरा यहाँहरुमा पनि बिदितै छ । मैले धेरै कुरा राखिरहन पर्दैन । यहाँहरुले ल्याएको यो अविश्वासको प्रस्तावलाई मैले सर्सर्ती यही सुन्ने अवसर मैले पाए । यसलाई हेर्दा मलाई लागेको छ यो पूर्वाग्रहीको पुलिन्दा हो की भन्ने मैले अनुभूति गरे र मैले अर्को एउटा यो सरकारको ३ वर्षको किताब हेरे, यो सरकारको ३ वर्षको किताब हेरिरहँदा मलाई लाग्यो साच्चिकै यो सरकारले यो प्रदेशको विकास निर्माणलाई निरन्तर रुपमा यो सरकार अगाडि बढिरहँदा आफ्नो ५ वर्षको कार्यकाल गर्न सक्यो भने साच्चिकै यो प्रदेशको विकास निर्माणलाई अगाडि बढाउन सक्दो रहेछ, सक्छ भन्ने कुराको आत्माविश्वास यो ३ वर्षको सरकारको कार्यक्रमको किताबले बोलिरहेको छ । यसर्थ मैले यति धेरै यता तिर जान चाहिन । यहाँ हामीले भनिरहँदा यो सरकारले केही गरेन भन्ने कुरा पनि यहाँ उठेको छ । मैले यहाँहरुलाई भन्न चाहान्छु थोरै भएपनि म आफ्नै भूगोलका जनताप्रति म आलि धेरै उत्तरदायित्व भएका कारण मैले आफ्नै भूगोलमा भएका विकास निर्माणका थोरै भएपनि दृश्टान्त यहाँ राख्न चाहान्छु । साच्चिकै यो

सरकारले केही गरेन भनेर भनिरहंदा यो सरकारले यो प्रदेशमा रहेका सबै जिल्लाका महत्वपूर्ण बाटाहरु निर्माण गरेन कि, यो सरकारले यो प्रदेशमा रहेका सबै निर्वाचन क्षेत्रमा रहेका निर्वाचन क्षेत्र स्तरका बाटाहरु निर्माण गरेन की? यो सरकारले जहाँ जनताहरुले खानेपानीको सुविधा पाउनु भएको थिएन । जहाँ त्यो सुविधा थिएन, त्यो सुविधा नभएको ठाउँमा योजना संचालन गरेर जनताको घरदैलोमा धारो पुर्याउने काम गरेन कि? मैले यहाँहरुको बीचमा राख्न चाहान्छु । हामीले यहाँ केही गरेन भन्ने भन्दा पनि तपाईंहरुलाई मेरै निर्वाचन क्षेत्रमा गएर हेर्नु भयो भने पनि लामो समय देखि त्यो सल्यान र सुखौरा भन्ने हाम्रो बाग्लुङको कर्णाली भनेर चिनिने त्यो ठाउँमा गएर तपाइँलाई हेर्नका लागि म अनुरोध गर्दछु । त्यहाँका जनताहरुले गाग्रोमा पानी बोकेर २ घण्टा डेढ घण्टा बोकेर आफ्नो जीवनयापन चलाउने त्यहाँका आमा दिदीबहिनीहरुले आज त्यहाँ आफ्नो घरदैलोमा, घरको आगनीमा त्यो पानीको धारो पाउनु भएको छ । उहाँहरुको जीवनमा परिवर्तन भयो कि भएन? यो प्रदेश सरकारले उहाँको जीवनमा परिवर्तन गर्न सक्यो कि सकेन? यो प्रदेश सरकारलाई आरोप मात्र लाउने कुराहरु भन्दा पनि यो प्रदेश सरकारले गरेका कुराहरु पनि देख्ने गरौं । मैले यो अनुरोध गर्न चाहान्छु । यो असंवैधानिक सरकार भयो भनेर भनिरहँदा हामी यो सरकार बनाउदा संवैधानिक नै हिसाबले यो सरकार बनेको र संवैधानिक हिसाबले अगाडि बढिरहेको हामीले यहाँ पनि अनुभूती गर्यौं। यो प्रदेश सभामा सबै कामहरु सहकार्य र सहमतिमा भएका कुराहरु हामीले अनुभूती गरेका थियौं । त्यो भएको पनि थियो । त्यसै गरी हामीलाई लाग्थ्यो साच्चिकि यो प्रदेश सरकार यसर्थमा अरु सबै प्रदेश सरकार भन्दा, अरु प्रदेश भन्दा अव्वल बन्न सकेको छ, सक्छ हामीलाई अनुभूती भएको थियो तर अहिले ती अनुभूतीहरु कतै तिता पो हुन की भन्ने कुरा अहिले आएर यो हाम्रो गतिविधिले देखाउँदै छ । र पनि मैले अनुरोध गर्न चाहान्छु । अहिले पनि केही बिग्रेको छैन । यो संवैधानिक ब्यवस्था अनुसार ३ तहका सरकारहरु अगाडि बढिरहँदा यो प्रदेश सरकारलाई अगाडि बढाउने त्यो संचालनको अभियानमा अगाडि बढिरहँदा कही कतै तिता हाम्रा मिठा त्यस्ता कुराहरु छन् भने पनि समझदारीका साथ बढ्ने कुरा प्रयत्न गर्यौं भने यो प्रदेशका जनताहरुको हित अनुकुल हुन्छ । यो प्रदेशका जनताहरुको बीचमा हामीले निर्वाचनमा गएर गरेको प्रतिवद्धता हामीले साँचो अर्थमा त्यो प्रतिवद्धता

रहन्छ । मैले यहाँहरुको बीचमा राख्न चाहान्छु । यो प्रदेशका जनताहरुको अभिमत बामपन्थिहरुलाई थियो । त्यो बामपन्थीहरुको नेतृत्वमा सरकार बनाउने यो प्रदेश सरकारको जनताको अभिमत थियो । हामीले घरदैलोमा गएर भनेका थियौं । यो प्रदेश सरकार हामीले बामपन्थीहरुको नेतृत्वमा संचालन गर्नका लागि तपाईँहरुले हामीलाई भारी मत दिनुस् अभिमत दिनुस हामीले भनेका थियौं । त्यही अनुरुप यो प्रदेशका जनताहरुले हामीलाई भारी मत दिएर पठाउनु भएको छ । यहाँ उपस्थित हुनुहुने थुप्रै माननीयज्यूहरुका लागि हामीले साच्चिकै उहाँहरुलाई मत दिनुस् यसर्थमा भनेर हामीले अहोरात्र खटेर यहाँहरुलाई यहाँहरुलाई यो ठाउँसम्म पुऱ्याउनका लागि पनि हामीले धेरै पहलकदमीहरु गरेका छौं । यसर्थ ती जनताप्रति गरेका प्रतिवद्धताहरु सबै माननीयहरुले म म भनेर स्मरण गर्नका लागि पनि म अनुरोध गर्न चाहान्छु । यति कुरा यहाँहरुको बीचमा राखेर साच्चिकै अझै पनि यो प्रदेश सरकारले गरेका विकास निर्माणका कामहरुलाई अग्रगतिमा अगादि बढाउनका लागि यो जनताको हित अनुकुल अगाडि बढाउनका लागि यो सरकारले स्थायित्व पायो भने मात्रै सम्भव छ । न की भन्ने कुरा यहाँहरुको बीचमा राख्दै मैले यो हाम्रो बीचमा आएको यो अविश्वासको प्रस्ताव म र मेरो पार्टीको तर्फबाट असहमति रहेको कुरा यहाँहरुको बीचमा राख्दै बिदा हुन्छु नमस्कार ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय श्री सरिता गुरुङलाई बोल्न समय दिन्छु । त्यसपछि माननीय श्री धनञ्जय दवाडीलाई ।

## माननीय श्री सरिता गुरुङ

माननीय सभामुखज्यू, यस ऐतिहासिक प्रदेश सभामा आफ्ना केही बिचारहरु सहित प्रस्तुत हुन गैराखेको छु । माननीय सभामुखज्यू, नेपाली जनताको त्याग, तपस्या र बलिदान पछि देशमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भैसकेको छ। त्यसै गरी माननीय सभामुखज्यू, बर्तमान अवस्थामा मुलुक ज्यादै विषम परिस्थितिमा गुज्रिराखेको छ। आज हामी नेपाली जनता किन यस्तो राजनीतिक भुमरीमा फस्न पर्ने कारणहरु के

छ भनी देशको सम्माननीय प्रधानमन्त्रीज्यूले केपि शर्मा ओली ज्यूले २०७७ पुस ५ गते देशको मुल कानूनलाई बिर्सेर, कुल्चेर असंवैधानिक कदम चाल्नु भयो । प्रदेशले यस्तो कदमलाई ठिक मान्दै त्यो असंवैधानिक कदमलाई साथ दिँदै अगाडि बढेको कारणले गर्दा आज यो देशका जनताहरु राजनीतिक भुमरी सँगसँगै गण्डकी प्रदेश पनि अछुतो रहन सकेन ।

माननीय सभामुखज्यू, नेपालको संविधानमा ३ तहको सरकारको ब्यवस्था गरेको छ । प्रदेश सरकारले मलाई लाग्छ प्रदेश सराकर ३ तहको सरकार मध्ये प्रदेश सरकारले आफ्नो प्रदेश बनाउने साथै संघ सरकार र स्थानीय सरकारसँग समन्वय गरी मध्यस्त कर्ताको भूमिका निर्वाहा गर्नु पर्थ्यो । किन भने यो नेपालको संविधानमा ३ तहको सरकार बनिसकेपछि केन्द्र, प्रदेश र स्थानीय तह भैसकेपछि पक्कै पनि प्रदेश बीचमा बसेर एउटा मध्यस्तकर्ताको भूमिका निभाउनु पर्थ्यो र त्यसमा निभाउनु पर्नेमा र आफ्नो काम कर्तब्य सबैलाई भूलेको छ । तर यस्तो केही कही कतै पाउन सकेन प्रदेश सरकारले आफ्नो एउटा मध्यस्त कर्ताको भूमिका गरिरहेको हामले र त्यो निभाइरखेको देखिएन। यो देशमा संघीयता लागु भैसकेको जनताले महशुस गर्ने अवस्था नै भएन । देशको शासन प्रणाली केन्द्रीकृत भयो । नेपालमा संघीयता जोखिममा रहयो र देशमा दुई तिहाइको रहेको जनताले अनुभव नै भएन र जनताले कुनै प्रकारको महसुस नै भएन र कुनै प्रकारको एउटा अवस्था त्यस्तो अवस्था रहेन ।

माननीय सभामुखज्यू, देशको मुल कानून भनेको संविधान हो । यो कुरा हामी सबैलाई थाहा छ। नेपालको संविधान धेरै जनताको रगत र पसिना बलिदानबाट आएको संविधान हो । त्यस्तो देशको मुल कानूनलाई नै मुल कानून भएको हो र संविधान नरहे यहाँ के हुन्छ भन्ने हाम्रो कल्पना भन्दा बाहिरको विषय भएको हुँदा अब हामीले संविधानको रक्षा गर्नु छ । देश र जनतालाई हित हुने काम गर्नु पर्ने अवस्था अत्यन्तै अवस्था आएको हुनाले यस गरिमामय सभामा माननीय सभामुख मार्फत हामी यो परम्परागत केन्द्रीकृत र एउटा आफ्नो भूमिकालाई बिर्सेर असंवैधानिक कदमलाई संरक्षण गरिरहेको प्रदेश देखेको हुनाले यस गरिमामय सभामा सभामुख मार्फत हामी परिवर्तन चाहान्छौ भन्दै बिदा हुन्छु धन्यवाद, जय नेपाल ।

**मानीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्य धनञ्जय दवाडीलाई बोल्न समय दिन्छु ।त्यसपछि मननीय श्री मेखलाल श्रेष्ठ ।

**माननीय धनञ्जय दवाडी**

सभामुख महोदय, अविश्वासको प्रस्ताव पेश गरिएपछि यसका सन्दर्भमा आफ्ना बिचारहरु राख्न उपस्थित भएको छु । आज बैशाख १३ गते पूर्व प्रधानमन्त्री श्रद्धेय मनमोहन अधिकारीको स्मृति दिवस नै पारेर हिजो मनमोहन अधिकारीको सत्तालाई विस्तापित गर्नका निमित्त जे हर्कतहरु गरिएका थिए, संसद भित्र र सडकबाट त्यही हर्कत यो लोकप्रिय सरकारलाई अपदस्त गर्ने गरी प्रस्तुत भको छ । अविश्वसको प्रस्ताव प्रस्तुत भको छ । यसले इतिहास त्यही त होइन, दोहोरिदैन तर इतिहासले फरक रुपमा पनि आफ्नो स्वरुप प्रकट गर्छ भन्ने तथ्यलाई उजागर भएको छ । अविश्वसको प्रस्ताव राखिरहनु भएका माननीयज्यूका बिचार सुनिसकेपछि मलाई मेरो गाउँघरको एउटा कथा भन्न मन लाग्यो । मेरो गाउँ अलि दुर्गममा पर्छ पहाडमा र हामी नुन लिन पुग्नु पर्थ्यो हामीले ठोरीमा । ठोरीसम्म नुन बोकेर आइरहनु भएको मेरो गाउँको दाई बोकेर आउँदा आउँदै पालुङ्टारको हवाई ग्राउन्डमा हवाई जहाज चल्दैन्थ्यो । त्यहाँ भारी बिसाउनु भो, चरिरहेको भैंसीले उहाँलाई हान्न आयो । उहाँ जसो तसो गरेर बस्नु भो र अलि माथि पुग्नु भो । सैलटार पुगिसकेपछि उहाँले ढाकर बिसाउनु भो । चरिरहेको भैंसीलाई आफुले लौराले दङ दङ चुट्नु भो अनि किसानले सोध्यो, मेरो भैंसीलाई किन पिटेको। यही भैंसी होइन अस्ति हिजो पालुङ्टारमा हान्न आएको, त्यो भएर पिटेको । जवाफ यस्तो । के.पि शर्मा ओलीको सरकारले के गरेको । के.पि शर्माको सरकारले

प्रधानमन्त्री सम्माननीय प्रधानमन्त्रीका गतिविधिका आधारमा पृथ्वीसुब्बा गुरुङको सरकारलाई मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई चुटिरहेर न्याय पाइन्छ? चुटिरहेर लोकतन्त्र सवल हुन्छ? चुटिरहेर संघीयता बलियो हुन्छ? चुटिरहेर तपाईंले तपाईंको शरिरमा बोकिरहेका गोलीका छर्राहरु निस्किन्छन्? निस्किन्न । माननीयज्यू, तपाईंले ठिकै भन्नु भो, दृष्टिकोणकै कुरा हो । दृष्टिकोण र यसर्थ माथि इतिहासले प्रमाणित गर्या छ उग्र पन्थी र दक्षिण पन्थीहरुको मोर्चा एउटै हुन्छ । एउटै मोर्चाबाट लड्छन र तीनले लोकतन्त्रका बिरुद्धमा, तीनले स्वतन्त्रका बिरुद्धमा, तीनले जनताको बिरुद्धमा हरेक हर्कतहरु गर्छन् भन्ने कुरा इतिहासले बारम्बार पुष्टी गरेको छ । यो कोरोना हुन्जेल त तपाईं माक्स लगाएर हिड्नु होला। त्यसपछि जनतालाई तपाईंले के जवाफ दिनुहुन्छ? एउटै घोषणा पत्र, एउटै निर्वाचन घोषणा पत्र एउटै मोर्चाबाट लडनु भो हिजोसम्म सरकारमा बस्नुभो । सरकारमा रहनु भो, सरकार स्थिर बनाउने कुरा गर्नु भो, समृद्धिका कुरा गर्नु भो अनि आज मोटर चड्न होइन भनेर म्याउँ गर्नुहुन्छ? तपाईंको म्याउँ मोटर चड्नका लागि हो, झण्डा हल्लाउनको लागि हो र तपाईंको अराजगता हो । यो अरागस्ता गठबन्धनले लोकतन्त्रलाई बलियो बनाउदैन। लोकतन्त्रलाई सुढृड बनाउँदैन। सबले बुझेकै छन् संविधानमा ब्यवस्था छ । बहुमत प्राप्त दलको नेता मुख्यमन्त्री हुन्छ। संविधानमा ब्यवस्था छ, त्यही दक्लहरुले आफ्नो सरकारको नेतृत्व गर्छ ।यो त सबैले पढेकै कुरा हो । तपाईंले संवैधानिक काम गरे भनेर भन्दै हुनुहुन्छ संविधानमा हिजो हामीले भनेको के? हामी स्थिर सरकार दिन्छौ भनेको होइन? हिजोको परम्परा दोह्रोयाउदैनौं भनेको होइन? तथ्यलाई हेर्नुस् त । २०४८ सालपछि २९ पटक सरकार गठन भएको छ । ११ जना प्रधानमन्त्री भएका छन् । ८०० जति मन्त्री भए। तपाईं त्यही बाटोमा हिड्न लाग्नु भको? बारम्बार मन्त्री बदल्ने, बारम्बार सरकार बदल्ने अनि अस्थिरताको बिउ रोपेर अस्थिरता र अरगस्ताबाट लोकतन्त्रको सुढृढिकरण हुँदैन।त्यसकारणले अरागता लोकतन्त्रको जननी होइन । लोकतन्त्रमा अरागता लाई छुट हुदैन । लोकतन्त्रमा अरागस्ता स्वीकार्य हुन्न भन्ने कुरा हामीले बुझ्नु पर्दछ ।

अरागता चुनावमा सँगै लड्ने, घोषण पत्रमा प्रतिवद्धता एउटै गर्ने, सरकार छोड्ने, कुरा क्रान्तिका गर्ने, बामपन्थका गर्ने, प्रगतिशिलताको गर्ने संघीयताका गर्ने, साँगाठ गठबन्धन गर्ने । यसकारण नामका बामपन्थी कामका दक्षिण पन्थि भनेको....................प्रवृति हो। यो प्रवृति प्रास्त नहुँदा सम्म नेपालमा लोकतन्त्रको स्थिरताहुन्न । नेपालमा गणतन्त्रले कुनै आवश्यकताको बाटो तय गर्दैन । त्यसकारण यही कुरालाई सबै माननीयहरुले मनन् गर्नुपर्छ भन्ने मेरो आग्रह छ । रहरले वास्तबिकताको प्रतिनिधित्व गर्दैन । वास्तबिकताको तस्विरको उदाहरण तपाईंको मनमा पलाएको रहरले, तपाईंको मनमा उब्जिएको रहरले वस्तुगत अवस्थाको प्रतिनिधित्व गर्दैन । मनोगत अवस्थाले क्राति गर्दैन भन्ने कुरा तपाईंले भोगेर आउनु भो । ब्यहोरेर आउनु भाछ । र तपाईंको मनोग्राहले मुलुकले क्षति ब्यहोरेको छ भन्ने तथ्य पनि स्वीकारेर आउनु भाछ । संघीयताको कुरा गर्नु भाछ, सबै अविश्वासको प्रस्ताव राखिरहने माननीयले संघीयताको कुरा गर्नुभाछ, सुढृढ गर्छु भन्नुभाछ । अनि पोखरामा घाम लाग्यो भनेर काठमाडौंको छाता ओड्नुभाछ । यो संघीयतालाई सुढृढ गर्ने कुरा हो? यसरी सम्भव छ? तपाईंले अवश्वासको प्रस्ताव प्रधानमनत्रीको बिरुद्धमा ल्याएको कि मुख्यमन्त्रीको बिरुद्धमा? गण्डकी प्रदेश सरकारको बिरुद्धमा ल्याएको संघीय सरकारको बिरुद्धमा ? गण्डकी प्रदेश सरकारले के काम गरेन? के काम भएन भन्ने कुरा बताउनु पर्दैन ? तपाईं सुशासनको गफ दिनुहुन्छ? तपाईंको बिगतबाट नै देखिन्छ नि सुशासन । तपाईंले कसरी सुशासन गर्नु भयो भन्ने कुरा । सपनालाई, विश्वासलाई, जनमतलाई मलामी लैजानेहरुले सहकार्य गरेर कसरी जन्ति सहित हनिमुन मनाउनु हुन्छ ? आउने दिनले त पुष्टिनै गर्नेछ । जनताको सपनालाई, जनताको चाहानालाई, जनताका विश्वासलाई मलामा लैजाने काम गर्नुहुन्न । लोकतन्त्रमा आवेग होइन । अधैर्यता होइन । बद्ला भाव होइन । ती लोकतान्त्रिक गुण र चरित्र होइनन् । लोकतान्त्रिक गुण र चारित्र यो भन्दा फरक हुन्छन् । पृथक हुन्छन् । फरक र पृथक चरित्रमा उभिन सकिएन लोकतान्त्रिक हुन सकिएन भने हित लोकतन्त्रको दायरा के हुन्छ? कम्मल ओडेर घ्यू

खाने चरित्रलाई छोड्दिनुस् । जुन वृक्षमा चडेको छ, जहाँ बसेको जुन फल खाएको छ, जुन वृक्षमा मच्चिएको छ, त्यही नचिन्ने। ढाल्ने प्रवृति दया लाग्दो छ । टिठ लाग्दो छ। टिठ लाग्दो अनुहार बोकेर कसरी गर्नु हुन्छ सहयात्र कसरी मिल्छ उग्र पन्थ र दक्षिणको सहयात्रा? कसरी हुन्छ सवल लोकतन्त्र? यो अपवित्र गठवन्धन हो । अपबित्र गठबन्धन बाट यो प्रस्ताव आको हो। त्यसकारणले यो प्रस्ताव फेल हुन जरुरी छ । आज बिचारहरु छोडेर, आज आफ्ना विश्वासहरु छोडेर, जनतासँग गरेका प्रतिवद्धताहरु छोडेर, अनि लोकतन्त्रका गफ दिनी? लोकतन्त्र तपाईंको ब्यवहारमा परिणत हुन पर्दैन? तपाईंको चरित्रमा अनुवाद हुन पर्दैन? तपाईंको चरित्रले त्यो पुष्टि गर्नु पर्दैन? तपाईंले जनताका विश्वासहरुलाई जितेका जनमतसँग जितेका जनता सँग गरिएका वाचा र विश्वासहरुलाई बोक्नु पर्दैन? कि जनता भनेका क्षणिक प्रयोग गर्ने साधन मात्रै हुन्? आज प्रयोग गरे भोलि फाल्दिने । यस्तो हुन सक्छ? जनता प्रति गरिएका विश्वासलाई धोका दिन सकिन्छ र? गित गाउने जातीय मुक्तिको, गीत गाउने जातीय राज्यको, गीत गाउने संघीयताको, गीत गाउने संघीयता बलियो बनाउने अनि अविश्वासको प्रस्ताव ल्याउने । एउटा जनजातिको छोरो मुख्यमन्त्री भको, एउटा जनजातिको छोरो सवल भको देख्न नसक्ने कस्तो गाउनु हुन्? (माननीय सभामुख : माननीय सदस्य समय सिद्धियो )

सभामुख महोदय, म आफ्नो कुरालाई एकदम टुङ्गोमा छु । छुटयाउन चाहन्छु । केही कुरा मेरा गाउँघर तिर छन् । सुत्रमा मात्रै भन्न चाहान्छु । समय छैन । निल्न त निलिस कान्छा हसिया भोली बिहान चाल पाउलास्। भन्छन् मेरो गाउँघर तिर । अविश्वासको प्रस्ताव राख्नु भको मुख्यमन्त्रीको प्रस्तावित उम्मेद्वारले यो कुरालाई स्मरण गर्नुहोला भन्ने मेरो आग्रह छ । हामी भन्छौं, बोकाले दाईं हुने भए गोरु पाल्नु पर्यो । बन्चरोले त बिर्सन सक्छ, रुखले सम्झिरहने छ धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय श्री मेखलाल श्रेष्ठलाई बोल्न समय दिन्छु । त्यसपछि माननीय श्री ललित कला गुरुङ ।

## माननीय मेखलाल श्रेष्ठ

माननीय सभामुख महोदय, आज हामी यो प्रदेश सभाको दोश्रो विशेष अधिवेशनमा विशेष प्रस्तावको विषयमा छलफलमा छौं । धेरै माननीयज्यूहरुले धेरै कुरा गरिसक्नु भो । सधै चर्को बोल्नी आज कम चर्को बोलम कि भन्ने लाइराछ । धेरै कुरा आयो, अहिले पूर्ववक्ता साथि मननीयज्यूले भन्नु भो, सरकारले धेरै काम गर्यो, किन अविश्वासको प्रस्ताव ल्याउन पर्यो? हैन, यो त सत्ता सत्ता लोलुप नै हो । सत्ता लोलोपको कारणले तपाईंहरुले अविश्वासको प्रस्ताव ल्याको हो । यो कारणले गर्दा प्रदेशमा अस्तिरता आउँछ यी धेरै कुराहरु आउँदै गर्दा मलाई के भन्न मन लाग्यो भने अघि त केही कुरा त माननीय दिपकजीले भनिसक्नु भछ । हामी जनताको सरोकार, जनताको पक्षमा यो गण्डकी प्रदेश सराकर गयो कि गएन जान चाहायो कि चाहेन ? हामीले हिउँदे अधिवेशनमा गण्डकी प्रदेशका जनताहरुलाई आवश्यक पर्ने नियम, कानून र अन्य ब्यवस्थाहरु र यो कोभीडको दोश्रो लहर चलिसकेको थियो । त्यो विषयमा छलफल गर्न पर्ने समय थियो कि थिएन? हामीले त्यही कुरा होला, त्यही कुरामा छलफल गरौंला, यो प्रदेशमा भएका समस्याहरुलाई समाधान गरौंला हिउँदे अधिवेशनमा धेरै बिलहरु पास होलान्, अफ्ठ्यारोबाट रोकिएका विकास निर्माणहरु परिपूर्ति होलान् भन्ने सोचेका थियौं। तर हामीले अविश्वासको प्रस्ताव ल्याउने सुँइको पनि थिएन । हामीलाई त थाहा नै थिएन । एक्कासी सदन नै राती त्यही पनि भोलिपल्टको क्याबिनेट डिसिजन गरेर अघिल्लो दिन देखि नै गर्ने सरकार सत्ता लोलुप हुन्छ कि? होइन यो प्रदेशको जनताहरुलाई निरिह बनाउनु हुँदैन, यो प्रदेशको जनताहरुलाई अनिर्णयको बन्दि बनाउनु हुँदैन, एउटा जनप्रतिनिधिको हैसियतले जे कुरा समस्या समाधान गर्नु पर्छ, समस्या आएकोलाई डटेर अगाडि बढ्नुपर्छ र जनताको पक्षमा सधै लागिरखु पर्छ। चाहे त्यो

जुन सुकै परिस्थिति किन नआओस् भन्ने यो प्रदेशको चारै दल मिलेर यो प्रदेशको जनताहरुलाई मुक्ति दिलाउनको लागि यो सरकारले गरेका धेरै दुस्कर्महरुबाट छुटकरा दिलाउनको लागि कोसिस गर्ने चार दल सत्ता लोलुप हुन सक्दैन होला । किनभने तपाईंहरु भन्दै हुनुहुन्छ, सुने एउटै घोषणा पत्रबाट चुनाव लडियो, एउटै भोट मैले उहाँहरुलाई जिताउन सहयोग पनि गरे । स्वभाविक थियो । एउटै आमाको गर्भबाट जन्म लिएका दुई सन्तान दाजु भाई हुन्छन् । त्यो दाजुभाईलाई बाबुले अन्याय गर्न थाल्यो भने त्यसले अंश माग्छ, त्यसले हक खोज्छ । मलाई लाग्छ तपाईंहरुले पनि एउटै घरमा बसेर अरुलाई गन्दै नगन्ने, एउटा छोरालाई मिठो मसिनो खुवाउने, अर्को छोरोलाई कुनामा पार्ने, खानै नदिने जस्ता ब्यवहारको कारणले आजको स्थिति आएको भन्ने मलाई महसुस हुन्छ । हामीले गण्डकी प्रदेशमा प्रतिपक्ष भएपनि सकारात्मक रुपमा जनताको विकास गर्नको लागि र यहाँको गण्डकी प्रदेशलाई उज्जवल बनाउनको लागि प्रतिपक्षमा बसेर पनि सह-सत्ता पक्षको भन्ने एउटा आरोपलाई खेप्दै हामीले सहयोग गरेका थियौं । हामीले सरकारलाई भन्यौं, जनताको स्वास्थ्य सबै भन्दा ठुलो कुरा हो, भ्रष्टाचार न्यून गर्नु, शून्य गर्नु सरकारको कर्तब्य हो । सरकारले सुशासन दिनु पनि कर्तब्य हो तर मुखले बोलेर मात्रै हुँदैन । म यही रोष्टमबाट भन्ने गरेकोछु । भन्दिनुस् यो ३ वर्षको दौरानमा यो सरकारले देखिने गरेर के काम गर्यो । हैन यति धेरै पिच गर्यो, धरहरा पनि उद्धाटन भयो । मेलम्ची पनि आयो, अरु धेरै योजनाहरु आए। तर सुरु कहिले भएको थियो । सुरु गर्न पर्यो नयाँ सरकारले के नयाँ योजनाहरु यो सरकारले गण्डकी प्रदेशमा सुरु गरेको छ ३ वर्षमा । हो धेरै पिचहरु भए । त्यो पिचहरु भत्केका मात्रै थिए । त्यसलाई टालटुल गरिएको हो । धेरै बाटोहरु खनियो। त्यो डोरेटो, गोरेटो भैसकेथ्यो । खाली फराकिलो मात्रै बनाइएको हो । धेरै पुलहरु नीति निर्माणको कुरा हुन्छ । सरकारले गर्ने नीति बनाउने हो । सरकारले व्यापार गर्ने होइन । सरकारले सहजीकरण गर्ने हो । सरकारले भात खुवाइदिने होइन् । पकाइदिने होइन । त्यसको लागि ब्यवस्थापन गरिदिने हो । तर हामीले यो सरकरलाई

धेरै पटक भन्यौं, धेरै पटक आग्रह गर्यौं, विशेष अधिवेशनको माग गर्यौं । त्यसमा हामीले संकल्प प्रस्ताव देखि सार्वजनिक जरुरी महत्वको प्रस्ताव सम्म पास गर्यौं । खै त ती कुराहरु कहाँ पुगे आज । यिनै कारणले गर्दा आज भन्दा पहिला भर्खरी नेपालमा प्रवेश गरेको कोभिड त्यो बेलामा एउटै बाउको २ ओटा छोरा जस्तो गरेर यो सरकार चलाउँदा त जनताहरुलाई स्वास्थ्यबाट सुरक्षित बनाउन सकेन यो सरकारले । महङ्गाही नियन्त्रण गर्न सकेन, भष्टाचार रोक्न सकेन , सुशासन दिन सकेन तर अहिले त बाउले हेलाँ गरेको कारणले आफ्ना अंश खोजेर छुट्टि सकेको निरिह एउटा छोराले अहिले आएको भयावह स्थितिमा यो सरकार गण्डकी प्रदेशका जनताहरुलाई अहिलेको स्वास्थ्य, अहिलेको शिक्षा, अहिलेको बेरोजगार र अहिलेको महङ्गाइ र बेरोजगारी समस्याबाट समाधान गर्न सक्दैन। प्रदेशलाई निरिह बनाउनु हुँदैन । यो प्रदेशका जनताहरुले हाम्रो सेवाको लागि हाम्रो रक्षाको लागि लोकतन्त्र संविधान कार्यान्वयन गर्न लागि हामीलाई यहाँ पठाएका थिए। त्यसै भएको हुनाले आज हामी यो गण्डकी प्रदेशमा सबै प्रतिपक्ष एकै ठाउँमा जो नेपालमा आफुलाई सच्चा कम्युनिष्ट पार्टी भन्ने देखि नेपाली जनताको हक र अधिकारको लागि जनयुद्ध, शसस्त्र युद्ध गर्दै फेरी जनताकै हक र अधिकारलाई शान्तीमा कायम गराउन सहास राख्ने एउटा नेकपा माओवादी केन्द्र र जसपा लगायत नेपाली काङ्ग्रेस जस्तो लोकतान्त्रिक पार्टीले जसले देश र जनता र त्यो जनताको समस्या समाधान गर्नको लागि सधै आफुलाई अग्रभागमा होइन, नेपाली जनतालाई त्यो समस्याबाट समाधान गर्नको लागि, जनतालाई निकास दिनको लागि चाहे त्यो २००७ साल होस्, चाहे त्यो २०३३ साल ३६ साल, ४६ साल हुँदै ६२/६३ को जनाअन्दोलन या शसस्त्र आन्दोलन सबैलाई शान्ती प्रकृयामा सहजता पूर्वक ल्याएर नेपालमा लोकतान्त्रिक संविधान लागू गरेर सिस्टम बचाउनको लागि, संविधान कार्यान्वयन गर्नको लागि आँफू चुनाव हारेर ठुलो कुरो होइन । देशमा संविधान बच्नु पर्दछ । लोकतन्त्र स्थायित्व हुनुपर्दछ भन्ने मान्यता राख्ने नेपाली काङ्ग्रेसको नेतृत्वमा आज प्रदेश जनताहरुको समस्यालाई समाधान गर्नको लागि यो प्रदेशमा भए गरेका घट्नाहरुलाई जागरुक गर्नको लागि, आज नेपाली

काङ्ग्रेसको नेतृत्वमा चारै दलको सहमतिमा कुनै पनि लोभलालच नगरिकन लोभलालच भएको भए धेरै लोभलालच आएको हुन सक्थ्यो । आउथ्यो होला तर जुन पार्टी आज चारै दल एकै ठाउँमा बस्न तयार भएको छ । उहाँहरुको इतिहास पढ्नको लागि म आग्रह गर्न चाहान्छु । उहाँहरुले आफ्नो ज्यानको बाजी लगाएर नेपाली जनताको लागि सामाज परिवर्तनको लागि लड्दै गर्दा पनि हैन हामी लडेर मात्रै बिन्दुमा पुगिदैन । हामीले नेपाली जनतालाई समयमा साथ दिनु पर्दछ, शान्तीमा आउनु पर्दछ, जनताको समस्या सबै भन्दा ठुलो कुरो हो । हामीले कुरा उठायौं । कुरा सुने त्यही कारणले हामी फेरी शान्ती प्रकृयामा आउन पर्छ भन्ने एउटा महान शक्ति आज हामीसँग सहकार्य गरेका छौं । खाली त्यो कुन पदको लागि होइन । पद मात्रै चाहिने भए मेरो बिचारमा उहाँहरु कुनै दलसँग मिलेको भए अझै धेरै लोभलाग्दा पदहरु नपाउनु भएको होइन जस्तो मलाई लाग्छ । खाली हामीले त यो प्रदेशलाई अहिलेको परिस्थितिमा प्रदेशको जनताहरुलाई यो समस्याबाट समाधान गर्नु पर्दछ । दाजुभाई छुट्टियौं, अघि मैले भने हामीले कसैले तितो मान्नु पर्दैन । दाजुभाई अंश लिएर छुट्टिन्छ । तर दशैंमा, चाडवाडमा, बिबहा बर्तबन्धमा हामी फेरी दाजुभाई मिलेर बस्ने हो । मलाई विश्वास छ। यो समय चक्रले, संविधानको धाराले हामीहरुलाई यही स्थितिमा पुराएको छ । फेरी आउँदा दिनहरुमा प्रदेशको विकासको लागि, प्रदेशको निकासको लागि यहाँको जनताहरुलाई उत्थान गर्नको लागि हामी सबै गण्डकी प्रदेशका ६० जना नै माननीयज्यूहरु एकै ठाउँमा उभिउँ । मुख्यमन्त्रीज्यूले देखि सक्नु भएको छ । मेरो बिरुद्धमा ३१ जना माननीय पुगिसक्नु भएको छ । सौहार्द वातावरणमा उहाँले बाटो खुला गरिदिएर फेरी आउँदो दिनहरुमा हामी ६० जना नै हासी हासी, खुसी खुसी यो प्रदेशको विकास र उत्थानको लागिसँगै हातमा हात, काँधमा काँध मिलाएर अगाडि बढ्ने वातावरण पक्कै पनि बनाउनु हुन्छ भन्ने विश्वास गर्दै अविश्वासको प्रस्तावको पक्षमा मेरो र मेरो दलको समर्थन छ भन्ने जनाउ दिँदै बिदा हुन्छु, धन्यवाद जय नेपाल ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय श्री ललितकाला गुरुङलाई बोल्न समय दिन्छु ।

## माननीय ललितकला गुरुङ

सभामुख महोदय, गण्डकी प्रदेश सरकारका विगतका कार्यहरुको समिक्षा गर्दै यस प्रदेशको समग्र विकास बिपन्न तथा बञ्चितिमा परेका वर्गको समृद्धि र देशकै सुशासन युक्त प्रदेशका रुपमा गण्डकी प्रदेशलाई स्थापित गर्नका लागि विकल्पको खोजी गर्ने क्रममा आज हामी यस विशेष प्रदेश सभा बैठकमा सहभागी भैरहेका छौं । प्रथम त यस विशेष सभामा समृद्ध, सुशासित गण्डकी प्रदेश निर्माणको मार्ग खोल्नको लागि उत्साहित भएर पाल्नु भएका सम्पूर्ण माननीयज्यूहरुमा नेपाली काङ्ग्रेस एवम् मेरो ब्याक्तिगत तर्फबाट जय नेपालको हार्दिक अभिवादन टक्राउन चाहन्छु । हामी सबैलाई विदितै छ, आज देशमा केन्द्र देखि स्थानीय तहसम्म भ्रष्टाचार संस्थागत भएको छ । विकास भौतिक रुपमा नभै प्रचारमा सिमित भएको छ ।विकास निर्माणमा भ्रष्टाचार उच्च छ । विकासका नाममा सत्तारुढ दलका कार्यकर्ता पालनपोषण भैरहेको छ । विकास आयोजनाको दिगोपनामा कसैको ध्यान छैन । कसरी , कहिले रिवन काट्ने, उद्घाटन गर्ने र भाषण फलाक्ने भन्नेमा आज सत्ता केन्द्रीत छ । गरिब तथा बञ्चितिमा परेका वर्गहरुको जीवन समृद्धि तर्फ नभै अवनत्ति तर्फ उन्मुख छ । हत्या, हिंसा र बलत्कार जस्ता अपराधहरुले इतिहासमै अग्रता हासिल गरेका छन् । सुशासन भन्ने कुरा भाषणमा सिमित भएको छ। समग्रमा नेपाली जनताको भविष्य उच्च ऋण भार टाउकोमा बोक्दै अन्योलतातर्फ उन्मुख भएको छ ।

सभामुख महोदय, आज देशमा कोभिड संक्रमणको दोस्रो, तेस्रो लहर आइरहेको छ । छिमेकी देश भारतसँगै नेपालका पश्चिमी क्षेत्रमा कोभिड संक्रमण नियन्त्रण बाहिर गैसकेको छ । सर्वसाधरण जनता मात्र होइन दर्जनौ स्वास्थ्यकर्मीहरु कोभिड

संक्रमणबाट प्रभावित भैरहेका छन्। अस्पतालमा बेड छैन । अक्सिजन छैन । उपचारको लागि औषधि छैन । त्यति मात्र नभै स्वास्थ्यकर्मीको लागि शरिरमा लगाउन पिपिई सेट छैन । हातमा लगाउने पञ्जा छैन । अनि मुखमा लगाउन सर्जिकल माक्स सम्म छैन तर सरकार कोभिड ब्यवस्थापन गरी जनताको प्राण रक्षा तर्फ ध्यान दिएको छैन । आफ्नै निर्णय निर्देशनलाई लत्ताउदै अपुरा आयोजनाको अंश अंशको उद्घाटन गर्न दौडिरहेको छ । २५ जना भन्दा बढिको भेला नगर्न सरकारले आह्वान गर्दछ, त्यसैलाई लत्ताउदै देशका सम्माननीय प्रधानमन्त्रीज्यू, सयौं मानिसहरुलाई भेला गरेर अपुरो धरहरा क्षेत्रको समुद्घाटन गर्नुहुन्छ र चर्को चर्को भाषण दिनुहुन्छ । मलाई लाग्छ, अहिले कोभिड संक्रमणको बृद्धिमा सत्ता रुढ दलले भूमिका खेलिरहेको छ । मलाई याद आइरहेको छ । पहिलो लहरको बीच सुस्त अवस्थामा रहेको मानिसको भेला, बैठक, सभा, सम्मेलनलाई पनि सम्मननीय प्रधानमन्त्रीज्यूले नै संखुवा सभामा सयौं मानिस जम्मा गरी खुवाउनु भएको थियो । तत पश्चात क्रमशः कोभिड संक्रमणको गति पुन बढ्न थालेको थियो । केही समय पहिले नेपालको संविधान २०७२ को बिपरित प्रतिनिधि सभा विघटन गरी विधिको शासनको धज्जि उडाएका प्रधानमन्त्रीले सम्मानित सर्बोच्च अदालतबाट उक्त कदम गैर संवैधानिक ठहर गरी प्रतिनिधि सभा पुनर्स्थापना गरे पश्चात पनि नैतिकताको आधारमा राजिनामा दिई मार्ग प्रसस्त गर्नु पर्नेमा नैतिक धरातललाई बेवास्ता गर्दै सत्ताको चरम दुरुपयोग गरिरहनुभएको छ । आफ्नै दललाई समेत एकबद्ध बनाएर अगाडि लैजान असफल नेतृत्वबाट बिपक्षी दल र जनताले धेरै अपेक्षा गर्नु मूर्खता हो जस्तो मलाई महसुस भएको छ । केन्द्रीय सरकार मात्र होइन,

सभामुख महोदय, आज गण्डकी प्रदेश सरकार पनि यसै कठपुतली बनेको छ । प्रदेशमा विकास निर्माण सुस्त गतिमा अगाडि बढेका छन् । जनताको सरोकारको विषय प्रदेश सरकार देख्दैन । बुझ्दैन र काम पनि गर्दैन । संघीय सराकर र स्थानीय सरकार बीचको मध्यस्तकारी भूमिकामा गण्डकी प्रदेश सरकार पूर्ण प्रभावहिन देखिएको छ।

प्रदेशका जनतालाई सरकारले सुशासनको अनुभुति दिलाउन सकेको छैन । प्रदेश सभा गठन भएको यतिका अवधि पुग्दा पनि सरकारको लागि आवश्यक कानून निर्माणका लागि सरकारले भूमिका खेल्न सकिरहेको छैन । सरकारले खेल्नु पर्ने भूमिकाको अभावमा कतिपय प्रदेश सभा बैठकहरु भूमिका बिहिन भएका छन् । प्रदेशका विभिन्न मन्त्रालय विभागहरुलाई सरकारले चुस्तदुरुस्त बनाउन सकिरहेको छैन । प्रदेशका सरकार र जनप्रतिनिधिहरुलाई कर्मचारीबाट अटेर गर्ने परिपाटी बढ्दो छ । प्रदेशको बजेटमा अगाडि बढाइएका विकास आयोजनाहरुमा चरम अनियमितता भएका जन गुनासहरु आउने गरेका छन् । कतिपय स्थानीय सरकारसँग प्रदेश सराकरले सद्भाव समेत कायम गर्न सकेको छैन । प्रदेश सरकार र यसका मन्त्रीज्यूहरु स्थानीय सरकारसँग प्रतिस्पर्धिको रुपमा पौँठाबाजी गरिरहेको समेत देखिएको छ । सभामुख महोदय, प्रदेश सभामा विपक्षी दललाई अत्यन्त उपेक्षित गरिएको छ। हरेक कुरामा बहुमतीय प्रकृयाको माध्यमाबाट निर्णयार्थ लैजादा दलिय आँखामा देखिएका कुराहरु बाहेक जनप्रतिनिधिले देखेका स्थानीय तहका जनताका समस्या र पिडाहरुको सम्बोधन हुन सकेको छैन । कोभिड संक्रमण हाम्रो प्रदेशमा समेत ब्यापक हुँदै आएको छ । हिजो मात्र पर्वत जिल्ला अस्पतालमा कोभिडको कारण १ जनाले ज्यान गुमाएको खबर छ । दिनहुँ देशमा २ हजार भन्दा माथिको सङ्ख्यामा कोभिड संक्रमण देखिएको छ र २ दर्जनको सङ्ख्यामा दैनिक जनताले ज्यान गुमाइरहेका छन् तर केन्द्रीय सरकार जस्तै गण्डकी प्रदेश सरकार कोभिड ब्यवस्थापन तर्फ जागरुक भएको छैन । सत्ताको धोती समातेर मुख दर्शक बनी हेरिरहेको छ । यही अवस्था रहने हो भने निकट भविष्यमा हामी पिडामा बस्नु पर्ने सुनिश्चित छ । गण्डकी प्रदेशको विकास निर्माणलाई चुस्ताको साथ अगाडि बढाउदै गरिब तथा बञ्चितिमा परेका जनताको समस्यालाई सम्बोधन गर्दै सुशासन युक्त गण्डकी प्रदेश निर्माणका लागि बर्तमान सरकार असक्षम प्रमाणित भैसकेको छ । अतः नेपाली काङ्ग्रेसको नेतृत्वमा यस सरकार प्रति अविश्वासको प्रस्ताव दर्ता भैसकेको र सो माथि छलफल गर्न यस प्रदेश सभाको बिशेष बैठक आह्वान भएको हामी

सबैलाई विदितै छ । यस बैठकमा सरकारले आफ्नो प्रतिरक्षा गर्न हर पहल गर्ने छ । केही भ्रमहरु थप्ने प्रयास गर्नेछ । अनि असम्भव भविष्यका सपनाहरु बाड्ने प्रयास गर्ने छ । तर हामी यस प्रदेशको समृद्धिका लागि यस सरकारको बिकल्प खोज्नु पर्ने अनिवार्य भएकोले जनताको लागि आफ्नो प्रस्तावमा अडिग छौं भन्दै सम्पूर्ण माननीयज्यूहरुलाई अविश्वासको प्रस्तावको पक्षमा मतदान गर्न समेत अपिल गर्दै यति भन्दै मलाई गण्डकी प्रदेश सभाको यस विशेष बैठकमा आफ्नो बिचारहरु राख्ने मौका दिनु भएकोमा सभामुख महोदय लगायत नेपाली काङ्ग्रेस संसदीय दल प्रति हार्दिक आभार ब्यक्त गर्दै आफ्नो भनाई अन्त्य गर्न चाहान्छु धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरु अब यो बैठक मिति २०७८ बैशाख १४ गते दिनको १२:१५ बजे सम्मको लागि स्थगित हुन्छ ।